का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक १८७

❑ ६ भदौं २०७८, आइतबार

❑ 22 August 2021, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




## अष्टलक्ष्मीको पद कति सुरक्षित !

नेकपा एमाले विभाजनकै दिन, २ भदौंमा पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्य बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त भइन् । तर एमालेको एकल बहुमत रहेको बागमतीमा शाक्यको मुख्यमन्त्री पद पार्टी विभाजनकै कारण नियुक्त नहुँदै धर्मराएको विश्लेषण भइरहेको छ ।



**विना श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ५ भदौं ।

बागमती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले शनिबार आफ्नो पदबारे सार्वजनिक अभिव्यक्ति दिइन् । उनले एमाले अध्यक्ष केपी शर्मा ओली र नवगठित नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको सहमतिमा मुख्यमन्त्री बनेको बताएकी छन् । दुवै नेताको सहमतिमा मुख्यमन्त्री बनेको र प्रदेश संसदीय दलले अनुमोदन गरेको मुख्यमन्त्री शाक्यको प्रष्टोक्ति छ ।

शनिबार काठमाडौंको धुम्बाराहीमा आयोजित कार्यक्रममा शाक्यले अध्यक्ष ओलीसँग भेटेरै मुख्यमन्त्री बनेको बताइन् । निवर्तमान मुख्यमन्त्री डोरमणि पौडेलसँगै ओलीलाई भेटेर सरकार बदल्ने निर्णय भएको बताइन् ।

"के गर्नुहुन्छ तपाइँले ? हामी अघि बढ्न चाहन्छौं, मिलेर अघि बढेका छौं । नीति तथा कार्यक्रम र बजेट पनि मिलेर पारित गरेका छौं । मिलेरै सरकार पनि चलाउँछौं भन्दा खुशी हुनुभयो (केपी ओली)", मुख्यमन्त्री शाक्यले भनिन् । अध्यक्ष ओलीले सहमति जनाएपनि बागमती प्रदेशको सरकार बदलेको उनको भनाइ थियो ।

"यस्तो चरणसँग पुग्यौं । नीति पनि पास गरिसक्यौं, बजेट पास गर्‍यौं । सरकार परिवर्तन गर्न बाँकी छ । सरकार निर्माण गर्दैछौं । तपाईंको निर्देशन चाहियो भनेपछि उहाँ (ओली) पनि खुशी हुनुभयो", शाक्यको कथन थियो । २ भदौमा निवर्तमान मुख्यमन्त्री पौडेलकै प्रस्तावमा दलको नेता परिवर्तन गर्दै आक्यले त्यसै साँझ मुख्यमन्त्रीको शपथ लिएकी थिइन् । शाक्यले यस्तो प्रष्टोक्ति दिएपनि उनको पदप्रति भने अहिले पनि विभिन्न आँकलन भइरहेको छ ।

विशेषगरी एमाले विभाजन भएकाले उनको पद नियुक्त नहुँदै धर्मराउन पुगेको आँकलन गरिएको छ । ११० सदस्यीय बागमती प्रदेशमा एमालेसँग बाँकी पृष्ठ २ मा

## मुलुकमा गठबन्धन 'राज'







मुलुकले कोरोना महामारीद्वारा सिर्जित मानवीय संकट खेपिरहेका बेला प्रभावकारी र जनउत्तरदायी सरकारको खाँचो छ । तर मुलुक भने गठबन्धन सरकारको मनमौजीले बन्धक बनेको छ । सत्ता सन्तुलन मिलाउन असंवैधानिक र अराजनीतिक गतिविधि तथा निर्णय सरकारको प्राथमिकतामा देखिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ भदौं ।

डेढ वर्षदेखि कायम कोरोना महामारी नियन्त्रणमा आउन सकेको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, शनिबार मात्रै एक हजार ४२४ जनामा संक्रमण पुष्टि भएको छ । यो सहित नेपालमा कोरोनाबाट संक्रमण हुनेको संख्या सात लाख ४५ हजार नाघेको छ । शनिबार मात्रै ३० जनाको मृत्यु भएको छ ।

एकैदिन ३० जनाले महामारीका कारण ज्यान गुमाउनु सामान्य अवस्था होइन । राज्यका आँखामा एक जना नागरिकले ज्यान गुमाउनुपनि ठूलो क्षति हो । किनकि हरेक मानिसको जीवन ऊ स्वयमका लागि मात्रै नभएर उनको परिवार, समाज र राष्ट्रका लागि अमूल्य हुन्छ । तर नेपालमा संक्रमणबाट मृत्यु हुनेको संख्या साढे दश हजार हाराहारी पुगेको छ । यो त मानवीय क्षतिको आँकडा भयो ।

कोरोना महामारीका कारण पुगेको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत क्षतिको हिसाब निस्कन बाँकी नै छ । ९ माघ २०७६ देखि शुरु भएको संक्रमण रोकथाम गर्न लामो समय देशब्यापी लकडाउन र निषेधाज्ञा गरिएको छ । अघिल्लो वर्ष चार महिना लामा लकडाउन र त्यसपछि स्थानीय स्तरमा निषेधाज्ञा गर्नुपरेको थियो । यसले आर्थिक क्षेत्र तहसनहस भयो । विशेषगरी दैनिक ज्यालादारीबाट गुजारा चलाउनेको पीडा उल्लेख गर्न सकिन्न । पैदल हिडेर पूर्वपश्चिम गर्नेको मानसिक र शारिरीक असर सानो छैन । मुलुकको अर्थतन्त्र नराम्रोगरी खल्बलिदा विकासको गतिमा मुलुक निकै पछाडि धकेलिएको छ ।

तर नेतृत्व भने यसतर्फ उदासिन छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मानवीय संकटकै ध्वज्जी उडाएका थिए । उनले महामारीकै बीच राजनीतिक र संवैधानिक संकटलाई निम्तो दिएका थिए । संसद् दुई पटक विघटनको निर्णय गरेको ओलीले जनप्रतिनिधिहरुको ठूलो संसद्बाट नभएर अध्यादेशबाट देश चलाउने उल्टो बाटो रोजेका थिए । तर उनको कदम सर्वोच्च अदालतको फैसला र जनमतको बल सच्यायो ।

अहिले मुलुकमा शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार छ । तर यो सरकार पनि जनउत्तरदायी बन्न सकेको छैन । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाको गठबन्धन सरकारले महिना दिनसम्म विभागीय मन्त्री समेत चयन गर्न सकेको छैन । बरु, ओलीकै बाटोमा उन्मुख देखिएको छ ।

२ भदौमा मात्रै दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर प्रधानमन्त्री देउवाले एमाले र जसपा विभाजन गरेका छन् । अध्यादेशबाट केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत पुगेपनि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारलाई खाडी र मलेसियामा सीमित गरेको भन्दै श्रम मन्त्रालयको आलोचना

**रेशम राज पौडेल/मध्यान्ह**
काठमाडौं, ५ भदौ

महालेखा परीक्षकको कार्यालयले खाडी र मलेसिया केन्द्रित नेपालको वैदेशिक रोजगार क्षेत्रलाई विविधीकरण गरेर फराकिलो बनाउन नसेकेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्य प्रगतिमा असन्तुष्टि जनाएको छ । शुक्रवार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेश गरिएको महालेखाको ५८ औं वार्षिक प्रतिवदेन २०७८ मा उक्त असन्तुष्टि जनाइएको हो ।

वैदेशिक रोजगारीका लागि संस्थागत १ सय १० र व्यक्तिगत रोजगारीका लागि १ सय ७२ देश खुला गरिएको भएपनि वैदेशिक रोजगारीमा गएकामध्ये खाडी र मलेसियामा मात्र ८७ प्रतिशत र अन्य देशमा १३ प्रतिशत गएको महालेखाले प्रतिवेदनमा औंल्याएको छ ।

'वैदेशिक रोजगारको गन्तव्य अरेबियन मुलुक तथा मलेसियामा अधिक केन्द्रित रहेको देखिँदा विविधीकरण हुन सकेको देखिएन', प्रतिवेदनमा भनिएको छ, 'नयाँ गन्तव्य मुलुक पहिचान गरी



रोजगारीलाई विविधीकरण गर्नु पर्दछ ।'

प्रतिवेदनमा आर्थिक वर्ष २०१९/२०२० मा श्रम स्वीकृति लिएर मलेसियामा १५ प्रतिशत, कतारमा १७ प्रतिशत, यूएईमा २७ प्रतिशत, साउदी अरबमा २० प्रतिशत र अन्य देशमा २० प्रतिशत कामदार गएको उलेख छ । प्रतिवेदनले रोजगारीमा गएकामध्ये ९ देशसँग श्रम सम्झौता भएको र ८ देशमा मात्र न्यूनतम पारिश्रमिक तोकिएको भन्दै त्यसतर्फ पनि ध्यान दिनुपर्ने प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनले वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको सीप तथा क्षमता वृद्धिमा ध्यान नदिएको समेत औंल्याएको छ ।

नेपालबाट आर्थिक वर्ष २०७३/०७४ देखि ०७६/०७७ सम्म गएका २१ बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

### अफगानिस्तानबाट फर्कन थप ३१७ को नाम दर्ता

काठमाडौं/मस- अफगानिस्तानमा विकसित पछिल्लो घटनापछि त्यहाँबाट उद्धार गरिएका करिब ६ सय नेपाली स्वदेश फर्किएका छन् । गृह मन्त्रालयका अनुसार एक साताको अवधिमा ५ सय २२ जना स्वदेश फर्किएका छन् भने थप ३ सय १७ ले स्वदेश फर्कनका लागि नाम दर्ता गराएका छन् । अफगानिस्तानमा विद्रोही तालिबान राजधानी काबुल प्रवेश गरेपछि नेपालसहित विभिन्न मुलुकका नागरिक स्वदेश फर्किरहेका छन् ।

गृह मन्त्रालयका प्रवक्ता फडिन्द्रमणि पोखरेलले भदौ १ गतेदेखि शनिबारसम्म झण्डै ६ सय नेपाली अफगानिस्तानबाट स्वदेश फर्किएको जानकारी दिए । शनिबार बिहान मात्रै दुई उडानमा क्रमशः २७ र ९ गरी ३६ नेपाली स्वदेश फर्किएका छन् ।

स्वदेश फर्किएका नेपाली चार्टर्ड उडान तथा नियमित उडानमार्फत आएका हुन् । अफगानिस्तानबाट काठमाडौँ आएका नेपालीलाई गृह मन्त्रालयसँगको समन्वयमा नेपाली बाँकी पृष्ठ २ मा

### कोरोनाको कहर:

## नीलबाराही नाच राति मात्र सञ्चालन

**रमेश गिरी/रासस**
भक्तपुर, ५ भदौ



मध्यपुरथिमि नगरपालिका- ८ र ९ बाडेमा प्रत्येक वर्ष भाद्र कृष्ण द्वितीयादेखि पञ्चमीसम्म तीन दिन चार रातसम्म तान्त्रिक विधिअनुसार मनाइने प्रसिद्ध लिच्छवीकालीन परम्परागत द्यो प्याँख अर्थात् नीलबाराही नाच यस वर्ष राति मात्रै सञ्चालन हुने भएको छ ।

दैवी शक्तिमा विश्वास राख्दै नाचिने यो नाच यही भदौ ८ देखि ११ गतेसम्म मनाउने तयारी गरिए पनि कोरोना सङ्क्रमणको जोखिम बढेपछि गत वर्ष जस्तै यस वर्ष पनि राति मात्रै सञ्चालन गर्ने निर्णय भएको हो ।

कोरोना भाइरस सङ्क्रमणको जोखिम कायमै रहेकाले वडा नं ८ र ९ का वडाध्यक्षसहित स्थानीयवासीको बैठकले नाचलाई यस वर्ष राति मात्रै सञ्चालन गर्ने निर्णय गरेको मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले बताए ।

विगतका वर्षमा राति र दिउँसो टोलटोलमा नाच देखाउने र स्थानीयले पूजा पनि चढाउने परम्परा रहे पनि यस वर्ष भने मूल पूजा गर्ने, टोलटोलमा राति नाच देखाए पनि स्थानीयवासीले पूजा नचढाउने र नाच राति मात्रै सञ्चालन गर्ने निर्णय भएको उनले बताए ।

नाच सञ्चालनमा नगरपालिकाले सहयोग गर्ने बताउँदै उहाँले राति नाच सञ्चालन गर्दा बाहिरबाट आउने दर्शक रोकिने र स्थानीयवासीको उपस्थिति पनि कम हुने बताउनुभयो । वर्षौंदेखि जस्तोसुकै अवस्थामा पनि नरोकिएको यो नाच यस वर्ष पनि नरोक्ने तर दिउँसो सञ्चालन नगर्ने निर्णय भएको हो । कोरोना सङ्क्रमण रोक्न सबैले सचेत हुनुपर्ने बताउँदै देवगणदेखि नाच सञ्चालनमा जोडिने व्यक्ति र स्थानीयवासीलाई पनि सङ्क्रमणबाट जोगिन र जोगाउन सचेतना अपनाउन उनले आग्रह गरे ।

हरेक वर्ष गाईजात्राको भोलिपल्ट रातिदेखि बाँकी पृष्ठ २ मा

# जनै पूर्णिमा मनाइँदै

काठमाडौं/मस-प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षावन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नव यज्ञोपवीत एवं रक्षावन्धन धारण गरेर मनाइँदै छ ।

पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाध्छन् । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ ।

सत्ययुगमा दानवद्धारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, बिचलित नहोउ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षावन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको



नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ ।

आजकै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ । यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाक मात्र खाएर चोखोनीतो गरी बसिन्छ । यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नान पनि भनिन्छ ।

स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ । अरुन्धती सहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ । रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुर स्थित अशोक विनायकलगायत वाग्मती नदीको किनार र काठमाडौँ उपत्यकालगायत देशभरका मठमन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ । यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले भौतिक दूरी कायम गरी सांस्कृतिक पर्व मनाउन सरकारले आह्वान गरेको छ । पशुपतिनाथ मूल मन्दिरलगायत देशभरका महत्वपूर्ण मन्दिर भक्तजनका लागि बन्द गरिएको छ ।

# रामतुलसी माविको जग्गा व्यवस्थापन सम्बन्धी छलफल



**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, ५ भदौ

रामतुलसी मावि रामपुर पाल्पाको भेला बसेको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षतामा बसेको भेलाले विद्यालयको स्वामित्वमा रहेको जग्गा व्यवस्थापन (लामो समय सम्म लिजमा दिने/नदिने) सम्बन्धी छलफल गरेको छ । प्रधानाध्यापक बालकृष्ण लम्सालले व्यावसायिक कृषिफार्म संचालन गर्न २० वर्ष सम्मका लागि विद्यालयको जग्गा माग आएकाले लामो समय सम्म जग्गा लिजमा दिन सकिने या नसकिने सम्बन्धमा सरोकारवालाको भेला गराएको जानकारी दिए ।

भेलाका प्रमुख अतिथि रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले विद्यालयमा कृषि बाली विज्ञान विषय पठनपाठन भइरहेको हुँदा प्रयोगात्मक सिकाईका लागि कृषिफार्म स्थापना गर्नु राम्रो कुरा रहेको बताए । तर वार्षिक पाँच/सात लाखको कमाईलाई मात्रै हेरी लामो समय सम्म बाहिरका व्यक्ति, संघ संस्थालाई नभई स्थानीय युवालाई नै प्राथमिकता दिनुपर्ने बताउँदै नगर प्रमुख थापाले कृषि व्यावसाय गर्ने युवालाई नगर सरकारले सहयोग गर्ने बताए ।

पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा समाजसेवी देवराज ढकालले विद्यार्थीको चाप बढ्दै गएको नमुना रामतुलसी माविमा संचालन भएको कृषि बाली विज्ञान विषयका विद्यार्थीलाई यहाँ ठुला फार्म संचालन गर्न सकेमा अत्यन्तै राम्रो हुने बताए । उनले लामो समयसम्म लिजमा सम्झौता गरी दिदा थप संरचना बिस्तारमा समस्या हुन सक्ने बताए । पूर्व विद्यालय व्यवस्थापन समिति सदस्य तथा समाजसेवी राजुप्रसाद श्रेष्ठले सबैभन्दा पहिला विद्यालयले अबको २० वर्ष भित्रमा के कस्ता काम गर्न सकिन्छ भनेर रणनीति बनाउनु आवश्यक रहेको बताए ।

साथै उनले विद्यालयको स्वामित्वमा रहेको ११५ रोपनी जग्गा निर्धारण गर्नुपर्ने र सो जग्गामा कति भौतिक संरचना बनाउने, कति जग्गामा कृषिफार्म खोल्ने, तीनवर्षे कृषि बाली विज्ञान विषय पढाई हुदै आएकोमा अब माथिल्लो तहको कक्षा पनि शुरुवात गर्नुपर्ने भएकाले निश्चित समय अवधीको रणनीति बनाउनुपर्नेमा सुझाव दिए ।

नेपाली कांग्रेस रामपुर नगर सभापति नेत्रप्रसाद भट्टराईले अहिले विद्यालयको नाममा पर्ने सबै जग्गा पहिला छुट्टाउनुपर्ने बताउनुहुदै २० वर्ष सम्म ठुला फार्म चलाउन विद्यालयले सम्झौता गरेर दिदा थप पूर्वाधार, शैक्षिक क्षेत्र विस्तारमा समस्या आउन सक्ने बताउँछन् । नेकपा एमाले रामपुर नगर कमिटी अध्यक्ष विष्णुप्रसाद रेग्मीले विद्यालयको खाली जग्गालाई व्यवस्थापन गरी खेलकुदको लागी विकास गरिनुपर्ने सुझाव दिए ।

नेकपा माओवादी केन्द्र नगर अध्यक्ष कमलराज भट्टराईले लामो समयसम्म कसैलाई पनि जग्गा दिन नहुने बताउँदै विद्यालयमा संचालक समिति फेरबदल भइरहने हुँदा समितिले आफ्नो पदावधि भित्र कती काम गर्न सकिन्छ भनी प्रतिफल दिने गरी योजना बनाउनुपर्ने बताए ।

भेलामा सहभागीले पालैपालोसँग आफ्ना सुझाव राखेका छन् । पाल्पा जिल्लामै सबैभन्दा बढी विद्यार्थी संख्या भएको यस विद्यालय अबको २० वर्षमा हजारौं विद्यार्थी हुन सक्ने भन्दै लामो समय सम्म जग्गा लिजमा दिनु उचित नहुने सुझाव दिएका छन् ।

खाली जग्गालाई सदुपयोग गर्दै केही समयको लागि स्थानीय व्यक्ति, संघ संस्था, जग्गासँग जोडिएका घरधनीलाई पहिलो प्राथमिकता राखेर लिजमा दिन सकिने, खेलकुद क्षेत्रलाई बिस्तार गर्न सकिने जस्ता कुरामा सहभागीले जोड दिएका छन् । विद्यालय व्यवस्थापन समितिका सदस्य दुर्गादेवी रानाले सहभागीलाई स्वागत गरेकी कार्यक्रमको संचालन प्रधानाध्यापक बालकृष्ण लम्सालले गरेका हुन् ।

भेलामा वर्तमान तथा व्यवस्थापन समित पदाधिकारी, अभिभावक, जनप्रतिनिधि, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, पत्रकार, बुद्धिजीवी, समाजसेवी, शिक्षासेवी लगायतको सहभागीता रहेको थियो ।

# प्रविधिको प्रयोग गर्दै इटहरी उपमहानगर, कार्यान्वयनमा चुनौती

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ५ भदौ

इटहरी ६ विपी चोक निबासी टिकाराम दाहाल लामो समय देखि कपडा व्यवसाय गर्दै आएका छन् । उनको व्यवसाय उपमहानगरमा कानून सम्वत दर्ता छ तर कर तिर्नेबेला उनी नगरपालिकाको कार्यालय पुगेरै तिर्छन् । उपमहानगरले अनलाइन सेवा सुचारू गरेको जानकार छ तर अनलाइनको विश्वास हुँदैन भन्दै उनी कार्यालयसम्म पुगेर कर तिर्ने गरेको सुनाउँछन् ।

उनीसँगै छेउमा रहेका श्रेष्ठ कोल्ड स्टोरका सञ्चालक ओम श्रेष्ठ पनि कर तिर्न नगरपालिकाको कार्यालय नै धाउने गरेका छन् । उनी भन्छन्, 'अनलाइनबाट तरिका जान्नै सकिएन, फेरि विश्वासिलो पनि लागेन त्यहि भएर कार्यालयमै पुगेर तिरिन्छ ।'

इटहरी उपमहानगरले शुक्रबारबाट प्रविधिको प्रयोग गर्दै अनलाइनबाटै कर तिर्ने व्यवस्था मिलाएपनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण देखिएको छ । अनलाइन सेवाबारे भरपर्दो ज्ञान नहुँदा धेरै जसो उपभोक्ताहरू अझैंपनि कार्यालय पुगेरै बिल भुक्तानी गर्ने गरेको पाइएको छ । अनलाइन भुक्तानी गर्दा हुने फाइदा र सुविधाबारे सम्बन्धित निकायले उपभोक्तालाई बुझाउन



नसक्दा अझैं पनि कार्यालयसम्मै पुगेर रकम बुझाउने गरेको पाइएको हो । सूचना प्रविधिको विकाससँगै अहिले बिजुली, खानेपानी महशुल, लगायत धेरै कुराहरूको विल अनलाइनबाटै तिर्न सकिने व्यवस्था भएपनि अधिकांश स्थानीयहरू सम्बन्धित कार्यालय पुगेर घण्टौं लाइनमा बसी तिर्ने गरेका छन् । इटहरी ४ आइतबारे निवासी सरस्वती कार्की बिजुली बत्तीको महशुल बुझाउन अझैंपनि प्राधिकरणको शाखा धाउने गरेको सुनाउँछिन् ।

उनलाई घरबाटै बसी बसी पनि इसेवामार्फत बिलमा उल्लेखित रकम भुक्तानि गर्न सकिन्छ भन्ने ज्ञान राम्रो संग थहा छ । यति मात्र नभइ उनी आफैँले मोबाइलमा समेत इसेवा एप्स प्रयोग गर्दै आएकी छिन् तर पनि अनलाइनको विश्वास नै लाग्दैन भन्दै कार्यालयसम्म पुगेर लाइन बसेर बिल भुक्तानी गरेर आउने गरेको सुनाउँछिन् ।

उपमहानगरले सञ्चालन गरेको अनलाइन प्रविधि सुरू सुरूमा कार्यान्वयन असहज भएपनि बुज्दै र बुझाउँदै व्यवहारमा उतार्दै लैजाने उपमहानगरका प्रमुख द्वारिकलाल चौधरीले बताए । उनले कार्यालयमा अनलाइन प्रविधि भित्रिएपछि अब कर तिर्न कार्यालय सम्म आइपुग्नुपर्ने झन्झट नहुने र सेवामा पनि प्रभावकारितासँगै नगरवासीहरूलाई सहज हुने विश्वास व्यक्त गरे ।

## मुलुकमा ....

दल विभाजन हुनसक्ने व्यवस्था गरेका छन् । यसका कारण एमाले र जसपा विभाजित हुन पुगेको छ । अहिलेसम्म चार मन्त्री र एक राज्यमन्त्रीको भरमा देउवाले सरकार चलाइरहेका छन् । बरु, यो सरकारको ध्यान ओलीले नियुक्त गरेका प्रदेश प्रमुख बदल्ने देखि आफू निकटलाई भर्ती गर्ने नियति दोहोर्‍याएका छन् । प्रदेश सरकार बदल्ने खेल कायमै राखेका छन् ।

## अष्टलक्ष्मीको ...

५७ सिट छ । तर पशुपति चौलागाइँको कोरोना संक्रमणबाट निधन भएकाले एमालेसँग ५६ सांसद छन् भने प्रदेशसभा १०९ सदस्यीय छ । यदि एमाले विभाजित भएको अवस्थामा शाक्यको पद जोगिने देखिदैन ।

बागमतीमा नेकपा माओवादी केन्द्रसँग २३, नेपाली काँग्रेससँग २१, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र जनता समाजवादीसँग प्रत्यक्ष निर्वाचित एक/एक समानुपातिक गरी साना दलहरुसँग ६ सांसद छन् । यदि एमालेबाट डबल डिजिट सांसद अलग हुँनासाथ प्रदेश सरकार धर्मराउन पुग्छ । किनकि संघमा काँग्रेस नेतृत्वमा माओवादी केन्द्र, जसपा र नव गठित नेकपा एकीकृत समाजवादी गठबन्धनको सरकार छ । अन्य प्रदेशमा पनि यही समीकरण छ ।

बागमती, गण्डकी, कर्णाली, सुदूरपश्चिम र प्रदेश २ को सरकार गठबन्धनले बनाइसकेको छ । यस्तो अवस्थामा बागमतीमा चाहिँ नेकपा एमाले सहितको सरकार बन्न सक्ने अवस्था छैन । यदि माधव नेपाल तर्फका सांसदहरु अलग हुनासाथ शाक्यको पद धर्मराउन पुग्छ ।

## वैदेशिक...

लाख ३२ हजार कामदारमध्ये उच्च दक्षतायुक्त कामदारको प्रतिशत ०.०४ प्रतिशत, पेशाविद् ०.१२ प्रतिशत, अर्ददक्ष ८.३४ प्रतिशत, अदक्ष कामदार ५७.४ रहेको भन्दै वैदेशिक रोजगारबाट यथोचित लाभ लिन गन्तव्य मुलुकहरुको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने नीति लिनुपर्ने सुझाव दिएको छ ।

## अफगानिस्तानबाट...

सेनाले होल्डिङ सेन्टरमा लगेर कोभिड-१९ परीक्षणलगायत प्रक्रिया पूरा गरी घर पठाउने व्यवस्था मिलाइएको छ ।

नेपाली सेनाले सामाखुसी र इचङ्गुनारायणमा होल्डिङ सेन्टर बनाएको छ । हालसम्म नेपाल फर्किएकालाई सामाखुसीको होल्डिङ सेन्टरमा व्यवस्थापन गरिएको र आवश्यक परेमा मात्रै अर्को होल्डिङ सेन्टरमा लगिने नेपाली सेनाले जनाएको छ ।

सरकारले अफगानिस्तानमा विकसित घटनाप्रति गम्भीर चासो जनाउँदै (साउन ३२ गते भएको मन्त्रिपरिषद् बैठकले) नेपालीको सकुशल शीघ्र उद्धार गर्ने निर्णय गरेको थियो । उक्त बैठकले अफगानिस्तानमा रहेका नेपालीको उद्धारका लागि नेपाल सरकारका सम्बन्धित निकायलाई समन्वयात्मक ढंगले काम गर्न निर्देशन दिएको थियो ।

अफगानिस्तानको विकसित घटनाका कारण त्यहाँ रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाई उनीहरुको उद्धार गर्न सरकारले साउन ३१ गते परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो । कार्यदलमा मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुख एवं अर्थ, गृह, श्रम तथा रोजगार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसख्या मन्त्रालय, नेपाल प्रहरी, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र कन्सुलर सेवा विभागका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका सदस्य रहेका छन् ।

रोजगारीका सिलसिलामा अफगानिस्तानमा रहेका नेपालीको वस्तुगत अवस्था यकिन गरी आवश्यक समन्वय तथा उद्धार प्रयोजनका लागि अफगानिस्तानमा रहेका नेपाली नागरिकको विवरण संकलन गर्न कन्सुलर सेवा विभागको वेबसाइटमा अनलाइन दर्ता गर्ने व्यवस्था गरिएको छ । अनलाइनमा आफ्नो नामसहितको विवरण उल्लेख गरी दर्ता गर्न सम्बन्धित व्यक्ति वा परिवारलाई आग्रह गरिएको छ ।

यस्तै उद्धारका लागि भाइबर, ह्वाट्सएपसहितको मोबाइल नम्बर ९७४९३२६४५८ र ९७४९३२६४५९ को व्यवस्था गरिएको छ । आफ्नो अवस्थाका बारेमा जानकारी गराउन वा मन्त्रालयमा सम्पर्क गर्न बैठकले आग्रह गरेको छ ।

काबुलस्थित विभिन्न मुलुकका कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय सघसंस्थामा कार्यरत नेपालीको तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्न र स्वदेश फर्काउन सरकारले अमेरिका, बेलायत, क्यानडा, जर्मनी, युरोपेली संघ, जापान तथा संयुक्त राष्ट्रसंघको कार्यालयलाई औपचारिक पत्राचार गरेको थियो ।

## कोरोनाको ...

सुरु गरी मनाइने यो नाच बोडेमा राति, बिहान र दिउँसो टोलटोलको चोकचोकमा देखाइने परम्परा रहँदै आएको छ । बोडेको अखाः द्यो छेँबाट सुरु हुने यो नाच नारायणथान लाछी, लायकु छेँ, विष्णुघाट, महालक्ष्मी थान, भाँगुटोल, खासी टोल, नीलबाराही स्थान हुँदै पुनः अखाः द्यो छेँमा पुगेर समापन गरिने परम्परा छ । नाच प्रत्येक टोलको चोकमा धाँ बाजा, भुस्या, काँय र पाँगा बाजाको तालमा नीलबाराही देवीको नाच देखाउने परम्परा रहेको स्थानीय बताउँछन् ।

देवगणमा भैरव एक, बाराही चार, कुमारी चार, सिंह चार द्वारपाल दुई र गणेश चार गरी १९ जना देवगण रहेको यो नाचमा ६ गुरु, १९ देवताका सहयोगी, धाँ, भुस्याहा, का, बौचा बाजा बजाउने ९ लगायतका विभिन्न सहयोगी गरी ११५ धाँ बाजा बजाउने गरिन्छ । नाच अवधिभर देवगणले खान नहुने, बस्न नहुने, बोल्न नहुने, घामपानीमा छाता ओड्न नहुने, दिशा पिसाब गर्न नुहने र जुत्तासमेत लगाउन नहुने नियम छ ।

नाचमा देवगणले मुकुण्डो लगाएर घण्टौँसम्म टोलटोल घुमेर नियमित नाच्नुपर्छ, गाह्रो भए पनि कहीँ बस्न पाइँदैन, बस्नैपरे पनि ज्वकालु अर्थात् सहयोगीको काखमा वा जिउमा अडेसलगाएर बस्नुपर्छ । नाचको अगाडि र पछाडि बाल्ने चिराग अर्थात् बत्ती पनि निभ्नु हुँदैन भन्ने मान्यता छ । नाच देवता घरबाट निकालिन्छ । नाच निकाल्नु पहिला द्वितीयादेखि पूर्णीमासम्म नाचको तयारी गरिन्छ । जसलाई नेवारी भाषामा 'प्याखा स्यनेगु' भनिन्छ । नाच सिकाउँदा ताः लगायतको बाजा बजाइने परम्परा छ । नेपाल संवत् ६३३ मा राजा भुवन मल्लले भक्तपुरमा दुर्भक्ष भएका कारण भक्तपुरमा नवदुर्गा नाच, थिमिमा भैरव नाच र बोडेमा नीलबाराही नाच सुरु गर्नुभएको भन्ने वंशावलीमा उल्लेख गरिएको छ ।

# ५० लाख बढी लागतमा खजुरा मार्ट सञ्चालन

**बाँके डायरी**
पवन जायसवाल/मध्यान्ह

बाँकेको खजुरा गाउँपालिकास्थित खजुरा बजारमा पहिलो मार्ट सञ्चालनमा आएको छ । घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष पूर्णबहादुर भण्डारी र लायन्स क्लव अफ खजुराका अध्यक्ष विज्ञान कक्षपतिले शनिबार संयुक्त रुपमा रिवन काटेर मार्टको उद्घाटन गरेका छन् ।

मार्ट ५० लाख भन्दा बढी लागतमा सञ्चालनमा आएको मार्ट खजुरमा पहिलो पटक सञ्चालनमा आएको हो । खजुरा मार्टमा दैनिक उपभोग्य र घरायसी प्रयोगका सामान सुपथ मूल्यमा उपलब्ध गराइने सञ्चालकहरुले बताएका छन् ।

सो खजरा मार्टको सञ्चालकमा लक्ष्मी गौतम, राजु पौडेल, विष्णु पौडेल, अरुण सुवेदी रहेको उक्त खजुरा मार्टले खजुरा क्षेत्रका ग्राहकहरुको सुविधालाई मध्येनजर गर्दै खजुरामा यो पहिलो मार्ट सञ्चालनमा ल्याएको जनाएका छन् ।

उपभोक्ताहरुलाई एकै ठाउँमा चाहिने धेरै किसिमका बस्तुहरु उपलब्ध गराउनुका साथै उपभोक्ताहरुलाई सुपथ मूल्यमा बस्तुको आफ्नै ठाउँमा उपलब्ध गराएर सुविधा प्रदान गर्ने उद्देश्य लिएर यो मार्ट सञ्चालनमा ल्याइएको सञ्चालक राजु पौडेलले मध्यान्हलाई जानकारी दिए ।

खजुरा क्षेत्रका उपभोक्ताका साथै छिमेकी जिल्ला बर्दियाका उपभोक्ताहरुलाई यो मार्टले लक्षित गरेको छ । मार्टको उद्घाटनपछि संक्षिप्त प्रतिक्रिया दिँदै खजुरा उद्योग वाणिज्य संघका उपाध्यक्ष समेत रहेका विज्ञान कक्षपतिले यो पहिलो मार्टले खजुरा क्षेत्रका उपभोक्ताहरुको माँग र चाहनालाई परिपूर्ति गर्नुका साथै खजुराको व्यापार व्यवसायमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

## बाँकेमा पनि मनाइयो राष्ट्रिय सूचना दिवस

बाँकेको नेपालगन्जमा राष्ट्रिय सूचना दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । सूचना तथा मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले विभिन्न कार्यक्रम गरी दिवस मनाएको हो । दिवसको अवसरमा सूचनाको हक सम्बन्धी डेक्स परामर्श सेवा, सामग्री प्रदर्शनी तथा चेतनामूलक सडक नाटक प्रदर्शन, र सरकारी कार्यालयमा सूचना माग गरिएको थियो ।

जिल्ला अदालत बाँके, जिल्ला समन्वय समिति, मालपोत कार्यालय, कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय, भेरी अस्पताल, जिल्ला शिक्षा लगायतका सेवाप्रदायक सरकारी कार्यालयहरुमा सूचना माग गरिएको थियो । खुल्ला डेक्स परामर्श सेवा प्रदान गरिएपछि ती कार्यालयहरुमा विभिन्न विवरणको जानकारीका लागि स्वस्फुर्त रुपमा सूचना माग गरिएको सूचना तथा मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले जनाएको छ । परामर्श सेवामा करिब ३ सय बढी आम नागरिकलाई सूचनाको हकको विषयमा जानकारी गराइएको थियो ।

सो अवसरमा चेतनामूलक अवधि र नेपाली भाषामा सडक नाटक प्रदर्शनी गरिएको थियो । कलाकार वीरेन्द्र यादव, जहिरुलहक जीनु, प्रेमसिंह सुनार, खगेन्द्र दाहाल र अरुण तिवारीले नाटकमा अभिनय गरेका संस्थाका कोषाध्यक्ष तथा कार्यक्रम सयोजक राकेश कुमार मिश्रले जानकारी दिए । कार्यक्रमको समापन समारोहमा नेपाल पत्रकार महासंघ बाँकेका पुर्व अध्यक्ष शुक्रऋषि चौलागाईंले सूचनाको हक सम्बन्धी चेतनामूलक अभियानले सरकारी सेवामुखी कार्यालयलाई जिम्मेवारी बनाउने भन्दै हरेक नागरिकले सूचना पाउने अधिकारको सुनिश्चितता गर्नुपर्नेमा जोड दिएका थिए । सूचना तथा मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्ज अध्यक्ष विश्वजित तिवारीले दोस्रो जनआन्दोलन र मधेश आन्दोलन पश्चात आएको सुचनाको हकको ऐन जनतालाई शसक्त तथा बलियो बनाउने कानूनको रुपमा रहेकाले यसलाई पूर्ण रुपले पालना गनुपर्नेमा जोड दिए । कार्यक्रममा विभिन्न सरकारी निकाय, अधिकारकर्मी, सेवाग्राही, सर्वसाधारण लगायतको सहभागिता थियो । अन्तरिम संविधान २०६३ ले सूचनाको हकलाई मौलिक हकको रूपमा धारा २७ मा व्यवस्था गरेको छ । मुलुकमा २०६४ साल साउन ५ गतेदेखि सूचनाको हकसम्बन्धी ऐन २०६४ लागू भइसकेको छ ।

# अनेरास्ववियु (क्रान्तिकारी) यशोधरा गाउँ कमिटी गठन, अध्यक्षमा पासवान चयन

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु ५ भदौ

माओवादी केन्द्र निकट अनेरास्ववियू (क्रान्तिकारी) कपिलवस्तुको यशोधरा गाउँ कमिटी गठन गरिएको छ ।

संगठन विस्तार तथा सुदृढीकरण अभियान अन्तर्गत जिल्ला संयोजक हरिश चन्द्र खनालको अध्यक्षता, केन्द्रीय सचिव नारायण खनालको प्रमुख आतिथ्यता, यशोधरा गाउँ कमिटी अध्यक्ष हजरत अलि खानको विशेष आतिथ्यता, केन्द्रीय सदस्य अनुप पोखेल, केन्द्रीय सदस्य रुपेश पौडेल, यशोधरा गाउँपालिका ४ का वडा कमिटी अध्यक्ष रफिउल्ला मुसलमान, वडा कमिटी सचिव रोसन मुसलमान लगायतको आतिथ्यतामा ३५ सदस्यीय गाउँ कमिटी गठन गरिएको हो ।

भेलाले गाउँ कमिटी अध्यक्षमा कमलेश पासवान, उपाध्यक्षमा अब्दुल अलिम मुसलमान, सचिवमा निरज रविदास, सहसचिवमा मो.अजिम मुसलमान, सलमान मुसलमान, र कोषाध्यक्षमा मुस्ताक गद्दी सर्वसम्मत चयन गरेको छ ।

गठित सदस्यहरुलाई संगठनका केन्द्रीय सचिव नारायण खनालले पद तथा गोपनियताको सपथ खुवाएका थिए । यस्तै संगठनका केन्द्रीय सदस्य एवम लुम्बिनी प्रदेश सहसंयोजक कमरेड अनुप पोखेलले संगठनको उद्देश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रमका



प्रमुख अतिथि नारायण खनालले संगठनको नीति नियम र विधानमा रहेर संगठनको हकहित र उन्नतिमा लाग्न निर्देशन दिएका थिए ।

उक्त कार्यक्रममा माओवादी केन्द्र यशोधरा गाउँ कमिटी अध्यक्ष हजरत अलिले विद्यार्थी संगठनले यस क्षेत्रको शिक्षा क्षेत्रमा देखिएको विकृति र विसंगतिविरुद्ध अखिल (क्रान्तिकारी) ले पहलकदमी लिनुपर्ने बताए । उक्त कार्यक्रममा संगठनका संयोजक कमरेड हरिश चन्द्र खनालले संगठनको इतिहास, वर्तमान राजनीतिक सांगठनिक अवस्था र भावी योजनाको बारेमा प्रकाश पारेका थिए । कार्यक्रमको सञ्चालन निरज रविदासले गरेका थिए ।

# मौलिक कला संस्कृतिको संरक्षण गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको मौलिक कला संस्कृतिको संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

शनिबार ललितपुरमा ज्यापु समाज ज्येष्ठ नागरिक आनन्द निकेदन भवन उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले नेपालको कला सँस्कृति मुलुकको पहिचान भएको भन्दै यसको संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको बताएका हुन् ।

हस्तकला, मुर्तिकला, चित्रकला आदीको माध्यमबाट नेपालको कला संस्कृति विश्वभर चिनाउन ज्यापु समाज ललितपुरले भूमिका खेलेको भन्दै उनले प्रशंसा गरे । उनले भाषा शिक्षा, स्वास्थ्य, संस्कृति पर्यटन लगायत सामाजिक सांस्कृतिक क्षेत्रमा पनि समाजको योगदान महत्वपूर्ण रहेको जिकिर गरे ।



त्यस्तै नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले नेपाल भारत सांस्कृतिक समबन्ध प्रगाढ रहेको बताए । उनले नेपाली जनता र नेपालका लागि भारतले सदैव सहकार्य गर्ने जिकिर गरे ।

त्यस्तै गृहमन्त्री बालकृष्ण खाँण, बागमति प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, माओवादी नेतृ पम्फा भूषाल लगायतले नेपालको संस्कृति जगेर्नामा ज्यापु समाजले खेलेको भूमिकाको चर्चा गरेका थिए । ज्यापु समाजले ललितपुरको बागडोलमा १ सय १३ रोपनी जग्गामा ११० शैय्याको सुविधायुक्त ज्येष्ठ नागरिक आनन्द निकेदन भवन निर्माण गरेको हो । भवन निर्माणका लागि भारतीय दूतावास, ललितपुर महानगर, बागमती प्रदेश लगायतले सहयोग गरेका थिए ।

# लागूऔषधसहित पक्राउ परेका पत्रकार मोज्बुल्लाह निर्दोष

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ५ भदौ

लागूऔषध नाइट्रोभेटसहित पक्राउ परेका रौतहटका सञ्चार कर्मी मो. मोज्बुल्लाहलाई तत्काल रिहा गर्न नेपाल पत्रकार महासंघ रौतहट शाखाले माग गरेको छ ।

पत्रकार मोज्बुल्लाहलाई प्रहरीकै उच्च अधिकारीको निर्देशनमा शादा पोशाकका घुमुवा प्रहरीले फसाएको भन्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले तत्काल रिहाई गरी दोषीलाई कार्यवाहीको माग गरेको हो । केही घुमुवा तथा अन्य व्यक्तिहरुले पत्रकार मोज्बुल्लाहको मोटरसाइकलमा लागुऔषध नाइट्रोभेट राख्दै गरेको सी.सी. टिभी फुटेज सार्वजनिक भएपछि पत्रकार मोजबुल्लाह निर्दोष रहेको प्रमाणित भएको महासंघले दावी गरेको छ ।

सार्वजनिक भएको भिडियो फुटेजमा गौरमा रहेको ग्रीन सिग्नल होटेल अगाडी सडक पेटिमा रोकी राखिएको मोटरसाइकलमा केही व्यक्तीहरुले केही समानहरु झुण्डाइरहेको देखिएको छ ।





सी.सी टिभी भिडियो फुटेजमा हेर्दा सादा पोशाकका केही घुमुवा प्रहरीहरु उदय यादव र मनोज साहको पहिचान खुलेको हो । उनिहरुसँगै रहेका अन्य घुमुवा प्रहरीहरुको पहिचान हुन सकेको छैन् । बेलुकाको करिब ७ बजेको समयमा ती शादा पोशाकका घुमुवा प्रहरीहरुसँगै दुई जना युवकहरुले नाटकीय शैलीमा केही समानहरु पत्रकार मोजबुल्लहको मोटरसाईकलमा झुण्डाइरहेको देखिन्छ । सेतो हेल्मेट लगाई स्प्लेण्डर प्लस मोटरसाइकलमा आएका ती दुई जना युवाहरुले समान झुण्डाउनु भन्दा अगाडी र झुण्डाइसकेपछी त्यहीँ रहेका घुमुवा प्रहरीसँग कुराकानी गरिरहेको देखिएको छ । पत्रकार मोज्बुल्लाहलाई सो होटलका सञ्चालकले नै खानपिन गर्न बोलाएका थिए । पत्रकार मोजबुल्लाहलाई साउन ३२ गतेका दिन बेलुकी करिब ८ बजे प्रहरीले लागूऔषध नाइट्रोभेटसहित अदालत अगाडीबाट पक्राउ गरेको थियो । उनी पक्राउ परेसँगै स्थानीयहरुले पत्रकारलाई फसाएको भन्दै आएका थिए । भिडियो फुटेज सार्वजनिक भएपछि घटनामा प्रहरीको भूमिका प्रष्ट भएको छ । भिडियो सार्वजनिक भएपछि प्रहरीले भिडियोमा देखिएको भनिएका धिरज यादव र जितेश यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

धिरजलाई शुक्रबार बेलुका गौरबाट पक्राउ गरिएको हो भने जितेशलाई शनिबार बिहानै सर्लाहीस्थित उनको घरबाट पक्राउ गरिएको हो ।

यता नेपाल पत्रकार महासंघ रौतहट शाखाले पक्राउ परेका पत्रकार मोज्बुल्लाह निर्दोष रहेको दावी गर्दै तत्काल रिहा नगरिए आन्दोलन गर्न बाध्य हुने चेतावनी दिएको छ ।

महासंघका अध्यक्ष प्रेमचन्द्र झाले घटनाबाट नेपाल प्रहरीको शाखमा गम्भीर धक्का पुगेको भन्दै प्रहरीको व्यवसायिकतालाई जोगाउन समेत घटनालाई गम्भिरतापूर्वक लिन आग्रह गरेका छन् । अध्यक्ष झाले भिडियोबाट घटना स्पष्ट भएको बताउँदै अब अनुसन्धानको नाममा जालझेल गर्न नहुने बताएका छन् ।

# बझाङमा कोरोना जोखिम

## बजारमा सुरक्षा सतर्कता, गाउँमा बेवास्ता

**तरुणा जोशी/मध्यान्ह**
बझाङ, ५ भदौ

मुलुकमा कोरोना संक्रमणको तेस्रो लहर आउन सक्ने जोखिम रहेका बेला बझाङका शहरी क्षेत्रमा स्वास्थ्य सुरक्षा सर्तकता अपनाएको देखिएपनि ग्रामीण बस्तीमा भने त्यसको कुनै वास्ता गरेका देखिँदैन । जिल्लाका बजार, तमैल, चैनपुर बाग्थला लगायतका छेउछाउका बजारमा मास्क लगायत स्वास्थ्य सुरक्षाका सामग्री प्रयोग गरिएको देखिएपनि अन्यत्र भने सर्वसाधारण सामान्य अवस्थाझैं हिँड्डुल गरिरहेको पाइएको छ ।

स्थानीय प्रशासन र केही दातृ निकायले बजार र केही स्थानमा कोरोना जोखिम नियन्त्रणबारे मास्क लगाउन र मास्क नलगाउनेलाई जरिवाना लगायत अभियान सञ्चालन गरेपनि ग्रामीण बस्तीमा भने त्यसको कुनै प्रभाव परेको छैन । स्थानीय विवेक विकका अनुसार गाउँको पसलमा मानिसहरुको भिड लाग्ने गरेको छ । तर यसमा कसैले सुरक्षाका मापदण्डको पालना गर्ने गरेको पाइँदैन । बजार जाँदा सबैले मास्क खल्तीमा हाल्ने तर प्रहरी देखे मात्र जरीवानाको डरले मास्क लगाउने गरेको वि.कले बताए । यता स्वास्थ्य कार्यालय बझाङका प्रमुख भानुभक्त जोशीका अनुसार जिल्लामा हालसम्म कोरोना संक्रमणबाट २० जनाको मृत्यु भइसकेको छ । उनका अनुसार सुरक्षा मापदण्ड नअपनाए भयावह स्थिति सिर्जना हुन सक्नेछ । यद्यपी खोप अभियानहरु भने निरन्तर चलिरहेको भएपनि सुरक्षाका मापदण्ड सँगसँगै पालन गर्न उनले अनुरोध गरे । हालसम्म जिल्लाका ८० प्रतिशत नागरिकले कोरोना विरुद्धको खोप लगाएका छन् । कोरोना जोखिम अझैं कायम रहेपनि बस्तीमा भने सचेतना फैलाउने र सावधानी अपनाउने विषयमा स्थानीय तहको कुनै चासो नदेखिएको जानकारहरु बताउँछन् ।



यहा सरकारी कार्यालय र बजार क्षेत्रमा हिँड्डुलका बेला मात्रै मास्क लगाउने प्रचलन रहेको देखिन्छ । जिल्ला प्रशासन कार्यालयले कोरोना नियन्त्रणका लागि भन्दै हरेक दिन बेलुकी ७ बजेपछि बजार बन्द गराउने गरेको छ भने प्रहरीले मास्क नलगाउने व्यक्तिलाई १ सय रुपैयाँ जरिवाना समेत गरिरहेको छ ।

### ताप्लेजुङ जिल्ला अदालतमा ७० प्रतिशत मुद्दा फछ्र्योट

**ताप्लेजुङ/मस-** ताप्लेङजुङ जिल्ला अदालतले आर्थिक वर्ष २०७७/७८ मा ७० प्रतिशत मुद्दा फछ्र्योट गरेको छ । कुल ४५२ मुद्दामध्ये ३१३ फछ्र्योट भएको हो ।

अघिल्लो आर्थिक वर्षमा जिम्मेवारी सरी आएका १४४ तथा नयाँ दर्ता भएका ३०८ थान गरी ४५२ मुद्दा फछ्र्योट भएको अदालतका श्रेष्तेदार शम्भुनाथ रेग्मीले जानकारी दिए ।

चालु आर्थिक वर्षका लागि भने १३९ थान मुद्दा जिम्मेवारी सरी आएकामा १८ महिना नाघेको एउटा, १२ देखि १८ महिनाभित्रका आठ, छदेखि १२ महिनाभित्रका ४१ र छ महिनाभित्रका ८९ मुद्दा रहेको अदालतले जानाएको छ । गत आर्थिक वर्षमा छ महिनाभित्रका १२०, छदेखि १२ महिनाभित्रका १५३, १२ देखि १८ महिनाभित्रका ३५ र १८ महिना नाघेका पाँच गरी कुल ३१३ मुद्दा फछ्र्योट भएको थियो ।

### राष्ट्रिय क्यान्सर रोग अध्ययन संस्थान स्थापना चितवनमै हुन्छः स्वास्थ्य राज्यमन्त्री

**चितवन/मस-** स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले चितवनमै राष्ट्रिय क्यान्सर रोग अध्ययन संस्थान स्थापना गर्न आफू प्रतिवद्ध रहेको बताएका छन् ।

काँग्रेस चितवनले शनिबार गृह जिल्लामा गरेको बधाई तथा सम्मान कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले चितवनमै सुविधा सम्पन्न क्यान्सर अस्पताल रहेकाले चितवनमै क्यान्सर रोग अध्ययन संस्थान स्थापना गर्नुपर्ने बताए । 'मैले सुन्दै छु भक्तपुरमा संस्थान राख्न खोजिएको छ, तर चितवन क्यान्सरका लागि सुविधानसम्पन्न ठाउँ भएकाले यहाँ नै राख्नुपर्छ'राज्य मन्त्री श्रेष्ठले भने ।

यस्तै मन्त्री श्रेष्ठले सरकारी स्वास्थ्य संस्थाहरुको सुधारका लागि सरकारले दरबन्दीलगायतको व्यवस्थापनमा ध्यान दिएको बताए । सरकारी स्वास्थ्य संस्थाहरु व्यवस्थित नभएसम्म निजी संस्थाहरु हाबी हुने भन्दै सरकारी संस्था नै बलियो बनाउनुपर्नेमा मन्त्री श्रेष्ठको जोड थियो । मन्त्री श्रेष्ठले स्वास्थ्य क्षेत्र राज्यको दायित्व नै रहेको भन्दै आमजनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्न सरकार लागि परेको बताए । उनले पछिल्लो समय कोभिड-१९ नै सरकारको चुनौति र अवसरको रुपमा रहेको भन्दै यसलाई व्यवस्थापनका लागि सरकार लागि परेको बताए । उनले खोप बिना आर्थिक अवस्था चलायमान बनाउन नसक्ने भएकाले सबै नागरिकलाई खोप अनिवार्य गरिने बताए । उनले काँग्रेस नेतृत्वको सरकार गठन भएदेखि नै एक करोड डोज खोप आइसकेको भन्दै असोज मसान्तसम्म थप एक करोड ५ लाख डोज खोप ल्याउने दावी गरे । उनले कोरोनालाई नियन्त्रण गर्ने मुख्य आधार नै खोप रहेको भन्दै संक्रमणदर वृद्धि भइरहेको ठाउँहरुमा फ्रन्टलाइनरहरुलाई खोप लगाउन थालिएको बताए । सरकारी स्वास्थ्य संस्थाहरुको सुधार सरकारको प्रमुख प्राथमिकता रहेको बताएका छन् ।

कार्यक्रममा कांग्रेस चितवनका सभापति जितनारायण श्रेष्ठलगायतले मन्त्री श्रेष्ठलाई दोसल्ला र खादा ओढाएर सम्मान गरेका थिए ।

**कञ्चनपुर डायरी**
**गोमती पाल/ मध्यान्ह**

# कृष्णपुरबाट पाँच किलो चरेशसहित तीन जना पक्राउ

कञ्चनपुरको कृष्णपुर नगर पालिकाबाट लागुऔषध चरेशसहित तीन जना पक्राउ परेका छन् । सुदूरपश्चिम प्रदेश प्रहरीको प्रदेश अनुसन्धान समूहले कृष्णपुर वडा नं. २ प्रगतिटोलबाट उनीहरुलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार उनीहरुको साथबाट ४ किलो ४ सय ९० ग्राम चरेश बरामद गरिएको छ ।



पक्राउ पर्नेहरु कैलाली, कञ्चनपुर र बझाङका छन् । उनीहरु कैलालीको धनगढी उप-महानगरपालिका ७ का २१ वर्षीय किशोर सिंह, कृष्णपुरका २ बंकका ३६ वर्षिय गणेश भण्डारी र बझाङ छबिस पाथिभेरा गाउँपालिका ५ का ३२ वर्षीय झलक जाग्री रहेको प्रहरीले जनाएको छ । उनीहरुलाई गोप्य सूचनाका आधारमा जाँच गर्दा चरेश भेटिएको प्रहरीले दाबी गरेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले पक्राउ परेको तीन जनालाई हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको बताए । 'शरीरमा खानतलासी गर्दा ४ किलो ४ सय ९० ग्राम चरेश जस्तो देखिने कालो पदार्थ फेला पारी कानुन बमोजिम बरामद गरिएको छ' उनले भने,'त्यसका आधारमा थप अनुसन्धान भइरहेको छ ।'

# 'दलित समुदाययले आफूलाई कमजोर ठान्ने भावना छाड्नुपर्छ'

सुदूरपश्चिम प्रदेश सभाका सांसद पूर्व उद्योग, वन, वातावरण तथा पर्यटन राज्यमन्त्री प्रकाश रावलले दलित समुदायले आफूलाई कमजोर ठान्ने भावना हटाउनुपर्ने बताएका छन् । उनले मान्छे सबै समान भएकाले आफू दलित हौ भन्ने भावना मनबाट हटाउनु पर्नेमा जोड दिए ।

'मान्छे भनेका महिला र पुरुष मात्रै हुन्, म दलित हुँ भन्ने भावना मनबाट नै हटाउनु पर्छ' दलित महिला संघ (फेडो) कञ्चनपुरले आयोजना गरेको लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला पुरुषको समान सहभागिता विषयमा दुई दिने तालिम समापन कार्यक्रममा उनले भने,'हामी पनि पुरुष र महिला नै हो भनेर बुझ्नु पर्‍यो, दलित हौ भन्ने मानसिकता नै छाडि दिनु पर्‍यो ।'

संविधानमा सबै समुदाय समानता दिइकाले दलित समुदायले अरु भन्दा आफूलाई कमजोर ठान्नु पर्ने आवश्यकता नभएको उल्लेख गर्दै उनले सामाजिक रुपमा हुने विभेद र जातीय विभेद हटाउन जनचेतना फैलाउनु पर्नेमा जोड दिए ।

नयाँ पुस्तालाई दलित गैरदलित समुदायको विभेद छुवाछुतसँत मतलब नभएको उल्लेख गर्दै उनले भने नयाँ पुस्तालाई विभेद सम्बन्धी जानकार समेत नभएको बताए । 'मेरा छोरा काठमाडौंमा पढ्छन्, उनीहरुलाई दलित गैर दलित के हो भन्ने केही थाहा छैन' उनले भने,'नयाँ पुस्ता यस्ता कुरा सुनेपछि अचम्म मान्छन्, अनि सोध्न थाल्छन् ।'

दलित समुदायले अहिले पनि आफूलाई कमजोर सोचेर समाजमा अघि बढ्न खोजे लक्ष्यमा पुग्न नसक्ने पूर्व राज्यमन्त्री रावलको भनाई थियो । 'म दलित हुँ, मैले छोएको कसैले खाँदैन, अब योलाई मनबाट हटाउनुपर्छ' उनले भने, 'जबसम्म यो मनबाट हट्दैन तबसम्म हामी बलियो पनि हुँदैनौ ।'



समाजमा समुदाय, क्षेत्र, लिङ्ग, जात, धर्म आदिका आधारमा विभेद हुने गरेको उल्लेख गर्दै उनले समाज रुपान्तरणको अभियानलाई सबैसित हातेमालो गरी अघि बढाउनुपर्ने उनले बताए ।

कार्यक्रममा दलित गैर सरकारी संस्था महासंघ(डिएनफएफ)का केन्द्रीय सचिव नर बहादुर बिकले दलित समुदायका महिलाहरु एकजुट भएर अघि बढ्दा अधिकार पाउने बताए । 'अवसर पाएपछि मात्रै महिला बलिया हुन्छन्, अहिले राज्यले नै तिनै तहको सरकारमा सहभागिता सुनिश्चित गरेको छ' उनले भने, 'यसबाट शक्ति बनेको छ , यसलाई अधिकारका लागि प्रयोग गर्न सकिन्छ ।' दलित समुदायका महिलाले अवसर नपाएर पछाडि परेको उल्लेख गर्दै उनले अवसर पाउन पनि एक भएर संघर्ष पर्ने आवश्यकता औंल्याए । राज्यले दलित समुदायका महिलालाई हेर्ने दृष्टिकोण फेर्न पर्ने केन्द्रीय सचिव विकको भनाइ थियो । 'राज्यले यो समुदायका महिलालाई हेर्ने दृष्टिकोण फेर्न आवश्यक छ' उनले भने,'समाजलाई समान बनाउन यो आवश्यक छ ।'

दलित समुदायलाई राज्यले आरक्षणसंगै आर्थिक सशक्तिकरण र समानता हुने खालका कार्यक्रम सञ्चालन गर्नु पर्ने उनको भनाइ थियो । बेलडाँडी गाउँपालिका वडा नं. ५ की कार्यवाहक अध्यक्ष कमला ओखेडाले महिलाहरु एकजुट हुन भएर अघि बढ्न नसक्दा पछाडि परेको बताइन् । 'महिलाले महिलालाई सहयोग गर्नु पर्छ, हामी आफैं पछाडि हुन्छौँ, दोष अरुलारुलाई लगाउँछौ' उनले भनिन्,'अब यसलाई छाडेर अघि बढ्नुपर्छ ।'


कार्यक्रममा समाजसेवी रमेश तिरुवा, भीमदत्त नगरपालिका १२ का अध्यक्ष कृष्ण सिह देउवा, अधिकार कर्मी भुवन कुँबर लगायतले दलित समुदायका महिलालाई सशक्त बनाएर उत्थान गर्न सकिनेमा जोड दिए । फेडो कञ्चनपुरका अध्यक्ष लक्ष्मी विकको अध्यक्षतामा समापन कार्यक्रम गरिएको छ । उपाध्यक्ष लक्ष्मी ताम्रकारले कार्यक्रम सञ्चालन गरेकी थिइन् । दुई दिने तालिममा अधिकारकर्मी कुँबर र अमिर तिरुवाले सहभागीलाई लैङ्गिक हिंसा न्यूनीकरणका लागि जानकारी गराए ।

फेडोले भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिकामा सञ्चालन गर्र्दै आएको नेपालमा दलित समुदायको मानव अधिकार परियोजना अन्तर्गत तालिम सञ्चालन गरिएको हो । तालिममा ती दुबै स्थानीय तहका महिला र पुरुष सहभागी भएका छन् । लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला र पुरुष दुबै जिम्मेवार हुने भएकाले एकै ठाउँमा राखेर तालिम सञ्चालन गरिएको फेडोको कार्यक्रम संयोजक नरबहादुर आउजीले मध्यान्हलाई जानकारी दिए ।

# हजुरलाई नमस्ते ट्रेड लिंकको पहिलो शाखा भक्तपुरमा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, ५ भदौ

हजुरलाई नमस्ते ट्रेड लिंकको पहिलो शाखा भक्तपुरमा सञ्चालनमा आएको छ । अरनिको राजमार्ग अन्तर्गत मध्यपुर ठिमीको एसएस चोक नजिकै रहेको बागमती पेट्रोल पम्पसँगै उक्त शाखा खोलिएको हो ।



शाखाको शुक्रबार एक कार्यक्रमकाबीच बरिष्ठ लोक दोहरी गायक बद्री पंगेनी, नेपाल निर्माण व्यवसायी महासंघका पूर्व महासचिव रामशरण देउजा, नेपाल हेभी इक्विपमेन्ट व्यवसायी महासंघ भक्तपुरका पूर्व अध्यक्ष राजाराम न्हिसुतू, नेपाल हेभी इक्विपमेन्ट मेकानिक संघका अध्यक्ष नेत्रबहादुर अधिकारी, नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय सदस्य मुकेश पन्तलगायतले संयुक्त रुपमा शुभारम्भ गरेका थिए । हजुरलाई नमस्ते ट्रेड लिंकको मुख्य कार्यालय काठमाडौंको बाफलमा रहेको छ । यस शाखाले भक्तपुर, काभ्रे, चौतारा, मेलम्ची, बाह्रबिसे, सिन्धुली, रामेछाप चरिकोट, जिरी, मन्थलीलगायतका पूर्व क्षेत्रका व्यवसायीहरुको लागी सुविधाहुने शाखाका प्रमुख फाल्गुनन्द जंग कुँवरले जानकारी दिए । कार्यक्रममा हजुरलाई नमस्ते ट्रेड लिंकका मालिक ताराबहादुर कुँवरले भविष्यमा हेटौंडा, पोखरालगायतका देशका विभिन्न ठाउँमा पनि शाखा खोल्ने योजना रहेको बताए । कार्यक्रममा हजुरलाई नमस्ते ट्रेड लिकंका व्यवस्थापक प्रदीपराज गिरीले नाफा भन्दा पनि पूर्वका व्यवसायीहरुको सुविधाका लागि शाखा विस्तार गरेको जनाए । शाखाबाट हेभी इक्विपमेन्ट (डोजर) का सम्पूर्ण पार्टपूर्जाहरु बिक्री वितरण गरिने बताइएको छ ।

## सम्पादकीय

# सधैं सत्ताको छाया !

राजनीतिक दल सम्बन्धी अध्यादेश–२०७८ ल्याएको सरकारको निर्णय कार्यान्वयनमा निर्वाचन आयोग बिजुली गतिमा सक्रिय भएको छ । २ भदौमा सरकारले केन्द्रीय समिति वा संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गराउन सकिनेगरी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेशको उद्देश्य प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेको विभाजन हो । अध्यादेश आएकै दिन, २ भदौमा दल विभाजन पनि भएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एमाले विभाजन गरी नयाँ दल दर्ता गराएका छन् । एमाले केन्द्रीय कमिटीका ५८ जनाको नाम सहित माधव नेपालले नेकपा एमाले समाजवादी दर्ता गराएको थियो । तर आयोगले नमानेपछि पार्टी नाम परिवर्तन गर्दै ४ भदौमा नेकपा (एकीकृत समाजवादी) दर्ता गराएका छन् ।

माधव नेपालका निम्ति ल्याइएको अध्यादेशले जनता समाजवादी पार्टी (जसपा) को वैधानिकता गुमाएका महन्थ ठाकुरको पनि उद्धार भएको छ । ठाकुर नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) दर्ता गराएका छन् । २ भदौमा ठाकुरले जसपा (लोकतान्त्रिक) नाम राखेका थिए । तर आयोगले नमानेपछि लोसपा दर्ता गराएका छन् । यी दुई दल विभाजनका निम्ति निर्वाचन आयोग आफै अगाडि बढेको जस्तो देखिन्छ । जस्तो– अध्यादेश नआइ नै राजनीतिक दल सम्बन्धी निमावली संशोधन गरिसकेको थियो । तर अध्यादेश कुर्नुपर्ने भएकाले केही ढिलाइ हुन गयो । अध्यादेशअनुसार नियमावली संशोधन अगाडि नै दल दर्ताको निवेदन बुझेको आयोगले फेरि ४ भदौमा अर्को निवेदन मागेको छ ।

अहिले दल विभाजन सम्बन्धी काम अगाडि बढाउन आयोगलाई यति हतारो देखिएको छ कि ९ भदौमा नयाँ दल दर्ता गराउनेगरी अगाडि बढेको छ । त्यसदिन नेपाल र ठाकुर पक्षका नेताहरूलाई सनाखत गर्न बोलाएको छ । त्यसैदिन एमाले र जसपा वैधानिक रूपमा विभाजित हुनेछ । जबकी यसअघि गएको ५ पुसमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित हुँदा पनि अनिर्णयमा बस्ने निर्णय लिएको थियो । झण्डै अढाइ महिनासम्म दल विभाजनको प्रक्रिया नै अगाडि बढाएको थिएन । अर्थात् निर्वाचन आयोगमा सधैं सत्ताको छायाँ देखिन्छ । त्यसबेला एमालेका अध्यक्ष केपी शर्मा ओलीको पक्षमा काम गरेको निर्वाचन आयोग अहिले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारलाई सहयोग गरिरहेको छ । यति यस्तो नहुँदो हो भने मिलमिलापका लागि उसले बोलाउनुपर्ने थियो । संवैधानिक भूमिका निर्वाह गर्नुपर्ने थियो ।

## सामाजिक सञ्जाल



लोकतन्त्रका बेपारीले मानव बधशाला बनाएको अफगानिस्तानको दुर्दशा, अहो ! शरणार्थीलाई तालेवानी गोली, बाहिर भाग्न खोज्नेलाई गोली, सूचना बटुल्नेलाई गोली, पराई सेनालाई सघाउनेलाई गोली, झण्डा बोक्नेलाई गोली, भिन्न मतका स्मारकलाई गोली, नारीजति घरैमा कैदी ! राष्ट्रपति बाइडेन, यो अपराध रोक !

**खगेन्द्र संग्रौला**



पार्टी पनि फुट्योस्, नेपाललगायत १४ सांसदको पद पनि गुमोस् भन्ने ओलीको चाहनालाई सभामुख अग्नी सापकोटाले ब्रेक लाईदिए । १४ सांसदको कार्वाही रोकिने थाह भएको भए राष्ट्रपतिलाई अध्यादेश स्वीकृत नै गराउन लाउने थिएनन् । ओरालो लागेपछि यस्तै हो हरेक ठाउँमा ठक्कर खाईन्छ । विचरा ओली ।

**राधाकृष्ण कटुवाल**



३० अर्ब ३० वर्ष, नेपालको इतिहासमा सबैभन्दा बढि भ्रष्टाचार भएको परियोजना । खानेपानीका सचिवदेखि मन्त्रि, प्रधानमन्त्रीसम्मले खुलेयाम भ्रष्टाचार गरेको र यस परियोजनालाई तिनका छोराछोरी इष्टमित्रहरूले समेत दुरूपयोग गरेको हजारौँ उदाहरणहरू छन् । हाल आएर पजेरो प्राडो गरेर २२ गाडी आ–आफ्नो नाउमा गरेछन् ।

**पुरूषोत्तम ढुंगेल**



त्याग र आदर्श छाटे के–को लागि ? सुशासनको प्रत्याभूति यही पाराले होला ! जहाँ पदिय हिसाब–किताब गर्दै कुर्सीबाट गिराउने र चढाउने खेलले निरन्तरता पाइरहेको वर्तमान अवस्थामा अन्तर पार्टी कलहले निम्त्याएको दरारबाट छिन्नभिन्न निमिट्यान्नको अवस्थामा रहेका दलका अवसरवादी नेता–नेतृत्वहरूबाट !

**चन्द्र श्रेष्ठ**



ओली, दाहाल, नेपाल, खनाल, मैनाली, बिजुक्छे, एमवि, वैद्य, विप्लव, कट्टेल, किराँती, आहुती ईत्यादी कम्युनिस्ट पार्टी कति–कति । परिणाम–हात लागि शुन्य । सधैँको कुशासन र गरिबी । व्यर्थमा शक्तिको क्षय । समाजवाद चाहिएको भए समाजवादी केन्द्र बनाऔं । स्वार्थ र अहंकै लडाई भए साम्यवाद जपेर हुने खै के रहेछ र ?

**डम्मर खतिवडा**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# एमाले विभाजन र नेपालको राजनीति

संसदीय राजनीतिमा विभाजनलाई प्रोत्साहित गरिन्छ । नेताहरुको स्वार्थ मिल्दा वा बाझिँदा बिनाकारण पार्टीहरु एकता वा विभाजनमा जान्छन् । संसदीय राजनीतिमा पतन भएपछि माओवादी पार्टीको विभाजनले उसका विरोधीहरुलाई उत्साहित बनाएको थियो । अहिले पालो एमालेको आएको छ । माओवादीको विभाजनका पछाडि वैचारिक राजनीतिका कारण थिए । तर एमालेको लडाईं मूलतः सत्ता केन्द्रीत छ र त्यसलाई ओली प्रवृत्तिविरुद्धको लडाईं भनिएको छ ।



● विष्णु पन्त

**एमाले विभाजनको तरंग**

नेपालका राजनीतिक दलहरुमध्ये तुलना गरेर हेर्ने हो भने एमालेको संगठन सबैका लागि लोभलाग्दो थियो । तर, अहिले फेरि एमाले विभाजित बनेको छ र विभाजनको असर वा प्रभाव कति पर्छ त्यो हेर्न बाँकी नै छ । माधव नेपालको नेतृत्वमा नेकपा (एकिकृत समाजवादी) दल दर्ताको लागि निर्वाचन आयोगमा निवेदन दिइएको छ । त्यो नाम राख्न पाइने वा नपाइने विवाद उत्पन्न हुने नै छ तर, मुख्य कुरो दल विभाजित भई नयाँ बन्ने प्रक्रियामा गएको छ । वास्तवमा यो विभाजन समग्र एमालेका लागि दुःखद र पेचिलो नै छ । नयाँ दल दर्ता गर्नका लागि माधव नेपाललाई तानेको फोटो भाइरल बनेको छ र त्यो दृश्यले माधव नेपालको अपमान गरेको छ । माधव नेपाललाई साथ दिएका दोश्रो पुस्ताका लगभग सबै नेताले विभाजनको घटनालाई साथ दिएनन् । यो प्रारम्भिक घटनाले केपी ओली र एमालेलाई राहत दिएको छ । क्षति न्यूनीकरणमा केपी ओली धेरै हदसम्म सफल भएका देखिन्छन् ।

स्वभाविक रुपमा एमालेलाई विभाजनसम्म पुर्‍याउने मुख्य कारक भनेकै नेपाली राजनीतिमा विकसित भएको बाह्य वातावरण हो । सर्वोच्च अदालतका पछिल्ला फैसलाहरुले विभाजनलाई अनुकुल बनाईदिए । यो विभाजनबाट स्वभाविक रुपमा प्रचण्ड र माओवादी केन्द्र अनि शेरबहादुर देउवा र नेपाली कांग्रेस बढी उत्साहित भए । यो परिघटनाबाट सबै चिज यथास्थितिमा रहे सरकार बलियो बन्नेछ । विभाजन पछि स्वभाविक रुपमा ओली र नेपालबीचको लडाइँ अनि दाहाल र नेपालबीचको एकताले नेपाली राजनीतिलाई रोमाञ्चक बनाउने नै छ । ओली र एमालेलाई ढाल्न वा पराजीत गर्नका लागि वर्तमान सत्ता गठबन्धन एकताबद्ध भएरै चुनावसम्म जाने अघोषित सहमति पनि भएको छ । यो चित्रले स्पष्ट गर्दछ कि संगठनमा अझै पनि एमाले नै बलियो छ । अबको एमालेको भविष्य उनीहरु बीचको एकता वा संघर्षमा निर्भर हुनेछ । के अब पनि एमालेभित्रको अद्भूत एकता सम्भव छ त ? यदि एकता भयो भने फेरि पनि एमाले नै बलियो बन्ने निश्चित छ । त्यहाँभित्र पुरानो अर्न्तविरोध कायम रह्यो भने एमाले विघटित हुनेछ ।

उता माधव नेपाल, पुष्पकमल दाहाल र शेरबहादुर देउवाको लगनगाँठो कसिएको छ । प्रारम्भिक लडाइँमा नेपाल समूहमा भएकाहरुलाई सरकारमा सहभागी बनाएर ओलीमाथि प्रहार हुनेछ । किनकी यो लडाइँ मनोवैज्ञानिक पनि छ र कुण्ठा अनि आक्रोशको पनि छ । शुरुको लडाइँ प्रतिशोधको हुनेछ । प्रतिशोधको लडाइँमा केपी ओलीको पार्टीद्धारा कारबाही गरिएका १४ सांसदको पद खाली गर्नका लागि सभामुखलाई दबाब दिनेछन् । अर्को पनि लडाइँ जारी नै छ त्यो हो - सर्वोच्च अदालतमा अध्यादेशविरुद्धको रिट निवेदन । जे होस् पछिल्लो पटकको एमाले विभाजनले नेपाली राजनीतिलाई नै प्रदुषित बनाउने छ । वास्तवमा यो लडाइँको केन्द्र भागमा सत्ता संघर्ष थियो र त्यो अहिले राजनीतिक रुपमा प्रकट भएको छ ।

खासमा तत्कालिन नेकपाभित्रको शक्ति संघर्षको अन्तिम अस्त्रको रुपमा एमाले विभाजनले मूर्त रुप लिएको छ । दुवै पक्षले भनेका छन् - विभाजन बाध्यात्मक बनेको थियो । माधव नेपालले भनेका छन् - ओली प्रवृत्तिविरुद्धको लडाइँ जारी रहने छ । उता केपी ओलीले भनेका छन् - एमाले विभाजित बनेको हैन, एउटा चैटो निस्किएको हो । उनले भनेका छन्, एमालेलाई सिध्याउन चाहने पिलो निचोरिएको हो । उता नेपाल समूहकी रामकुमारी झाँकीले भनेका छन्, 'ओलीको फासीवादको अन्त्य भयो ।'

> ❝ खासमा तत्कालिन नेकपाभित्रको शक्ति संघर्षको अन्तिम अस्त्रको रुपमा एमाले विभाजनले मूर्त रुप लिएको छ । दुवै पक्षले भनेका छन् - विभाजन बाध्यात्मक बनेको थियो ।

**विभाजन : जीत्ने वा हार्ने युद्ध**

मेरो विचारमा एमालेलाई सिध्याउने एउटा शक्तिशाली अस्त्र हो विभाजन । विभाजन एउटा युद्ध वा विद्रोह पनि हो । कुनै पनि दल वा पार्टीको विभाजनमा रमाउने प्रवृत्ति शोभनीय हैन । विभाजन कति आन्तरिक र कति बाह्य दबाब वा प्रभावमा भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । विद्रोह गर्नु चुनौतिपूर्ण हुन्छ । चुनौतिका पहाडहरु देखेकै कारण दोस्रो पुस्ताका प्रभावशाली नेताहरुले माधव नेपालको साथ छाडे । सत्तामा जाने र मन्त्री चट्काउने हिसाबले पनि केहि सांसदले माधव नेपाललाई साथ दिएका छन् । त्यसकारण विभाजनको मक्सद वा अन्तरनिहित उद्देश्य के हो भन्ने आधारबाट यसलाई विश्लेषण गर्नुपर्दछ । केहिले भन्दैछन् - माधव नेपालले हार्ने यद्ध लडे अर्थात् उनीहरुको तर्क छ - महाधिवेशबाट ओलीलाई हटाउनु नै उनको जित्ने युद्ध हुन्थ्यो । वास्तवमा यो विश्लेषणमा दम छ किनकी एमालेभित्र ओलीविरुद्धको घेराबन्दी वा मोर्चाबन्दी बलियो बन्दै थियो । मेरो विचारमा माधव नेपालले त्यो बाटोलाई सम्भव देखेनन् । उनी महाधिवेशनबाट अध्यक्ष बन्ने कुरामा त्यति आशावादी देखिएनन् । परिणामस्वरुप बाहिर गएर ओलीलाई ध्वस्त बनाउने निष्कर्षमा पुगे ।

सत्ता समिकरणको मुद्दाले पनि पार्टी विभाजन बाध्यात्मक बन्यो होला । एमालेमै रहेर सरकारमा जान नमिल्ने अनि मन्त्री बन्ने लोभमा साथ दिएका सदस्यहरुको दबाबका कारण विभाजन अनिवार्य बन्यो । अर्को पनि समस्या थियो - देउवा सरकार अल्पमतमा परेमा फेरि ओली नै सत्तामा आउने सम्भावना । माधव नेपालको पछिल्लो प्रेम सम्बन्ध खासगरी प्रचण्ड, शेरबहादुर देउवा र बाबुराम भट्टराईसँगको भावनात्मक सम्बन्धका कारण पनि विभाजन अनिवार्य बन्यो । आज आम विश्लेषकको एउटै प्रश्न छ - माधव नेपालले जित्ने युद्ध लडे की हार्ने युद्ध ? युद्धको प्रारम्भिक परिदृश्यले पक्कै पनि उनलाई दुःखी र निराश बनाएकै होला किनकी उनको साथमा रहेको ठूलो फौजले उनलाई छाड्यो । माधव नेपालका सामू अर्को पनि चुनौति छ, त्यो हो प्रचण्डसँगको एकता । प्रचण्डसँगको एकता हिजो जति सहज थियो अब अब सहज हुने छैन् । भोली प्रचण्डसँग पनि ओलीसँग जस्तै लडाइँ नपर्ला भन्न चाहिँ सकिँदैन् ।

> ❝ जे होस् एमालेभित्रको सत्ता संघर्षले नेपाली कांग्रेसलाई पुनः सत्तामा पुर्‍याएको छ । चुनाव हारेर पनि सरकारको नेतृत्वगन पाउने नेकालाई अद्‌भूत आनन्द मिलेको हुनुपर्छ । फेरि पनि संसदीय व्यवस्थाले कतिबेला कुन पार्टीलाई खाने हो त्यो भने भन्न सकिँदैन् ।



यो एउटा नकारात्मक सम्भावना हो भने सकारात्मक सम्भावना पनि छ । सकारात्मक सम्भावना छ, उनले घोषणा गरेजस्तै छिरल्लीएर रहेका कम्युनिष्ट शक्तिहरुको धुव्रीकरण । बाबुराम भट्टराई, माधव नेपाल र पुष्पकमल दाहालले एउटै मञ्चबाट घोषणा गरे - समाजवादका लागि नयाँ धुव्रीकरण । प्रश्न फेरी उठ्छ - समाजवादको नारा फेरी पनि भ्रम कि वास्तविकता ? समाजवादको नारामाा फेरि पनि संसदीय चुनाव कि जनमत संग्रह ? संसदीय चुनाव जित्नका लागि गरिने ध्रुवीकणको कुनै औचित्य छैन जुन एमाले र माकेको एकता अनि विभाजनले प्रमाणित गरिसक्यो ।

**पार्टी विभाजनका श्रृंखलाहरु**

संसदीय राजनीतिमा विभाजनलाई प्रोत्साहित गरिन्छ । नेताहरुको स्वार्थ मिल्दा वा बाझिँदा बिनाकारण पार्टीहरु एकता वा विभाजनमा जान्छन् । संसदीय राजनीतिमा पतन भएपछि माओवादी पार्टीको विभाजनले उसका विरोधीहरुलाई उत्साहित बनाएको थियो । अहिले पालो एमालेको आएको छ । माओवादीको विभाजनका पछाडि वैचारिक राजनीतिका कारण थिए । तर एमालेको लडाइँ मूलतः सत्ता केन्द्रीत छ र त्यसलाई ओली प्रवृत्तिविरुद्धको लडाइँ भनिएको छ । अब नयाँ पार्टी बनेपछि नेपाल प्रवत्ति कस्तो हुन्छ, त्यो हेर्न बाँकी नै छ । यो विभाजनले कम्तीमा ओली विरोधी एमाले वृत्तमा खुसीयाली ल्याउन सक्नुपर्दथ्यो तर, त्यो सकेन । शायद यो विभाजनले ओलीलाई नै बलियो बनाएको छ । अहिले ओली विरोधी एमाले मत कमजोर बनेको छ । यो तथ्य वा आँकडालाई मात्र हेरेर विश्लेषण गर्ने हो भने एमालेभित्र विभाजन अस्वीकार्य बनेको छ । उनीहरुको मत छ अन्तसंघर्ष ठिक छ तर, विभाजन गलत र आत्मघाती छ ।

विभाजनको निर्णय पछि माधव नेपालले भनेका छन् - ओली सच्चिएमा भोली तालमेल, कार्यगत एकता वा एकता गरौंला । यसबाट बुझिन्छ उनीभित्रको एमाले मोह बाँकी नै छ । सत्ता फेरबदल पछि एमालेलाई वैधानिक रुपमा कब्जा गर्न सकिन्छ कि भन्ने माधव नेपाललाई लागेको थियो । केपी ओलीको आरोप छ - प्रचण्डको उक्साहटमा एमालेको विभाजित भयो । उता विष्णु पौडेलले भनेका छन् - कांग्रेसले सत्ताको दुरुपयोग गरेर एमालेको विभाजन गर्यो । वास्तवमा यी दुईवटै तर्कमा दम छन् । त्यसो त ओलीको अहंकार र निरंकुशताका कारण पार्टी विभाजित बन्यो भन्ने अर्को तर्क पनि छ । आरोप प्रत्यारोप त चलीरहन्छन् । आज एमालेको विभाजनका लागि आधार बनाईदिने काम अध्यादेशले गर्यो । त्यसकारण विभाजनको मुख्य उद्देश्य सत्ता गठबन्धनलाइ बलियो बनाउने र सरकारमा जाने हो ।

सायद यो विभाजनबाट मुख्यगरी माओवादी केन्द्र र नेपाली कांग्रेस प्रफुल्लीत छन् । माधव नेपाललाई बधाई दिनेहरु बढि माओवादी केन्द्रका छन् । पत्रकारको एउटा प्रश्नमा उनीहरुको स्पष्टीकरण आएको छ - हामी प्रचण्डको उक्साहटमा पार्टी विभाजन गरेका हेनौं । त्यसकारण आज विभाजनको तरंग फैलिएको छ । उता महन्थ ठाकुर पक्ष पनि जसपाबाट विभाजित बनेको छ । विभाजनकारी अध्यादेशको मुख्य उद्देश्य सांसद पद जोगाउन मरीहत्ते गर्नु हो भन्ने बाबुराम भट्टराईको संश्लेषण सहि नै छ । प्रश्न यो छ कि यो विभाजनको श्रृखंला एमालेभित्र मात्र रहन्छ कि अन्य पार्टीमा पनि सर्दछ भन्ने प्रश्न महत्वपूर्ण छ । जसपा त फुटि हाल्यो । अन्य पार्टीभित्र पनि ठूला-ठूला असन्तुष्टीहरु छन् भन्ने विषय बाहिर आएकै छन् । नेपाली कांग्रेस र माओवादी केन्द्रभित्र मन्त्री बन्ने विषयमा गम्भीर लडाइँ छन् र ती कुनै पनि बेला विस्फोटक बन्न सक्ने पूर्वानुमानहरु पनि गरिएका छन् । दल विभाजनको चक्रले निर्वाचन आयोगलाई हम्मेहम्मे परेको छ । प्रश्न उही छ कि विभाजनको शिकार एमाले मात्र बन्छ कि अन्यमा पनि फैलिन्छ । सरुवा रोग जस्ते अन्यत्र नफैलियोस् भन्ने शुभकामना छ ।

**कांग्रेससाग माके र माधव समूहको चुनावी तालमेल**

नेपाली राजनीतिमा प्रचण्डको रणनीति हुन्छ - तालमेल, गठबन्धन र मोर्चाबन्दी । माओवादी केन्द्रको संसदीय अस्तीत्वको रक्षाका लागि तालमेल वा मोर्चाबन्दी अनिवार्य छ । स्थानीय चुनावमा नेपाली कांग्रेससँग तालमेल गरेको माओवादी केन्द्र संघीय वा संसदीय चुनावमा एमालेसँग तालमेल र एकता गर्यो । एमाले र माकेको विभाजन पछि एमाले इत शक्तिसँग गठबन्धन बनाएर शेरबहादुर देउवा प्रधानमन्त्री बनेका छन् । एमालेसँगको पछिल्लो पेचिलो लडाइँका बीच आगामी चुनावमा फेरि नयाँ गठबन्धनको तयारी भएको छ । एकिकृत समाजवादी, माओवादी केन्द्र, जसपा र नेपाली कांग्रेसका बीच आगामी चुनावमा तालमेल गर्ने सहमति भएको समााचार बाहिर आएको छ । शेरबहादुर देउवा र पुष्पकमल दाहालबीच आलोपालो सरकार चलाउने सहमति भएको चर्चा पनि छ । मेरो विचारमा देउवाले त्यति सहजै सरकारको नेतृत्व छाड्ने छैनन् । आलोपालोको विषय प्रचण्डले ल्याउने पनि छैनन् ।

**सत्ता संघर्षदेखि विभाजनसम्म**

संसदीय व्यवस्थामा एउटा कमजोरी हुन्छ, त्यो हो संसदको बहुमतबाट प्रधानमन्त्री चुन्ने वा हटाउने । संसदीय व्यवस्थाले दलहरुलाई विभाजन उन्मुख बनाउँछ । संसदीय व्यवस्थाको अर्को नाम अस्थिरता हो । यो व्यवस्थाले सांसदहरुलाई भेडाबाखामा परिणत गर्दछ । सत्ता संघर्ष र सांसद किनबेचमाा धेरै दल र सरकारले ख्याती कमाए । मान्छेहरु भन्छन् - सत्ताको नशा अन्धो हुन्छ । यो नशा वा लत लागेपछि मान्छेले सहि र के गलत छुट्याउन सक्दैन । सरकारमा जानु नै जीतको प्रमाण बन्छ । मन्त्री बन्नेहरु सफल, महान् र भाग्यमानी पुरुषमा परिणत हुन्छन् । मन्त्री बन्न वा सरकारमा पुग्नका लागि जे गरेपनि त्यो जायज हुन्छ । अध्यादेशको सन्दर्भमा प्रचण्डले भनेछन् - हिजो ओलीले ल्याएको अध्यादेश, संविधान र संसदलाई मास्नका लागि थियो भने आज ल्याएको अध्यादेश संविधानको रक्षाका लागि हो । ओली प्रतिगमन आज प्रचण्डको दस्तावेजको आकर्षण नारा हो । उता ओलीको तर्क छ - आजको दिनमा पनि एमाले सबैभन्दा ठूलो शक्ति हो र एमाले एकातिर अनि अरु सबै अर्कातिर हुँदा मात्र थोरै सानो भएका हौं । ओलीको तर्क छ - लोकतन्त्र नमान्ने शक्तिहरुले मात्र ठूलो दललाई घेराबन्दी गर्दछ ।

फेरिपनि लडाइँ पेचिलो बन्दै जाँदा राष्ट्रपतिविरुद्ध महाअभियोग प्रस्ताव ल्याउने चर्चा पनि छ । महाअभियोगको तरंग आए राष्ट्रपति र उपराष्ट्रपति दुवैलाई प्रस्ताव आउन सक्छ । अनि फेरि बल अदालतमा पुग्न सक्छ । जे होस् एमालेभित्रको सत्ता संघर्षले नेपाली कांग्रेसलाई पुनः सत्तामा पुर्‍याएको छ । चुनाव हारेर पनि सरकारको नेतृत्वगन पाउने नेकालाई अद्‌भूत आनन्द मिलेको हुनुपर्छ । फेरि पनि संसदीय व्यवस्थाले कतिबेला कुन पार्टीलाई खाने हो त्यो भने भन्न सकिँदैन् । राजनीतिक स्थीरताको लागि संसदीय व्यवस्थाको अन्त्य गरौं ।

# विमानस्थलमा विदेशीहरूको अपहरण हल्ला मात्र : तालिबान



**काठमाडौं/एजेन्सी–** काबुल विमानस्थल नजिकै विदेशी नागरिकको अपहरण भएको भनी कतिपय स्थानीय सञ्चारमाध्यमले शनिबार सम्प्रेषण गरेको समाचारलाई तालिबानका एक अधिकारीले खण्डन गरेका छन् । काबुलको विमानस्थलमा अझै पनि अमेरिकी नेतृत्वको उद्धार समूहले काम गरिरहेको र अपहरणकबारे आएका सूचना फगत हल्ला मात्र भएको ती अधिकारीले बताए ।

'अपहरणबारे रिपोर्ट एउटा हल्ला हो । तालिबान सदस्यहरूले सबै विदेशी नागरिकलाई विमानस्थलमा पहुँच प्राप्त गर्न मद्दत गरिरहेका छन् । हामी विमानस्थलमा पुग्न सबै विदेशीहरूलाई सुरक्षित मार्ग प्रदान गर्न कटिबद्ध छौं,' तालिबानका प्रवक्ता अहमद उल्लाह वासेकले स्थानीय समाचार संस्था इटललाटरोजलाई बताए । उनले शनिबार पनि तालिवान फौजले करिब १५० भारतीयलाई विमानस्थलमा सुरक्षित रुपमा प्रवेश गर्न साथ दिने बताए । तालिवानले आइतबार अफगानको राजधानी कब्जा गरे लगत्तै हजारौं अफगानीहरु देश छोड्न काबुल विमानस्थलमा पुगेका छन् ।

शनिबार बिहान तीनवटा उडानले अफगान भूमि छोड्न चाहने व्यक्तिलाई उद्धार गरेको स्थानीय फरहद मोहम्मदीले बताए । हवाई उडान प्रक्रियामा सहयोग गर्न काबुल विमानस्थलमा करिब पाँच हजार अमेरिकी सेनाको खटाइएको छ ।

एक हप्ताको अन्तरालमा विमानस्थलमा भागदौड मच्चिँदा र गोली चल्दा कम्तीमा १२ जनाको मृत्यु भएको छ । तालिबानले मुलुकका अधिकांश भूभाग एक महिनाको अन्तरालमा कब्जा गरेपछि अफगानिस्तानको अवस्था अन्यौलग्रस्त बनेको छ ।

# अस्ट्रेलियामा संक्रमण बढ्दै
# लकडाउनविरुद्ध प्रदर्शन गर्ने हजारौं गिरफ्तार

**काठमाडौं/एजेन्सी–** अस्ट्रेलियामा लकडाउन विरुद्धमा प्रदर्शनमा उत्रिएका हजारौंलाई पक्राउ गरिएको छ । देशको सबैभन्दा ठूलो र सबैभन्दा धेरै जनसंख्या रहेको सहर सिड्नीबाट प्रहरीले उनीहरुलाई गिरफ्तार गरेको हो । प्रदर्शनका क्रममा लकडाउन विरोधी प्रदर्शनकारी र प्रहरीका बीचमा झडपसमेत भएको थियो । त्यहाँ दैनिक संक्रमितको संख्या बढीरहेको भन्दै चिन्ता व्यक्त गरिएको छ ।

न्यु साउथ वेल्स प्रदेश सरकारले सिड्नी र त्यस आसपासको क्षेत्रमा आगामी सेप्टेम्बर महिनासम्म लकडाउन लागु गर्ने निर्णय गरिसकेको छ । महामारी नियन्त्रणमा आइनसकेकाले लकडाउनलाई निरन्तरता दिनु आवश्यक रहेको ठहर गर्दै अधिकारीले लकडाउनको म्याद थप गर्ने निर्णय गरेका हुन् । यस क्षेत्रमा लामो समयदेखि लकडाउन जारी छ । सिड्नीको बृहत क्षेत्र र आसपासका क्षेत्रमा लागु गरिएको लकडाउन यही अगस्ट २८ मा सकिन लागेको छ । तर सरकारको नयाँ निर्णयले अहिले लकडाउन अन्त्य नभएर फेरि एक महिना लम्बिने भएको छ ।

'हामीले खोप लगाइसकेका छौं, अब सधैं थुनिएर बस्न सक्दैनौं, हामी स्वतन्त्रता चाहन्छौं,' प्रदर्शनमा उत्रिएका एक प्रदर्शनकारीले भने । प्रदर्शनकारीले लकडाउनको नियम उल्लंघन गरेको भन्दै प्रहरीले उनीहरुलाई प्रदर्शनमा रोक लगाएको थियो । प्रहरीको आदेश अस्विकार गर्नेलाई प्रहरीले गिरफ्तार गरेको हो ।

प्रदर्शनकारी र प्रहरीबीचमा झडप हुँदा कम्तीमा सात अधिकारी घाइते भएको प्रहरी कार्यालयले जनाएको छ । त्यसैगरी प्रदर्शनमा उभिएका २०० भन्दा बढीलाई प्रहरीले गिरफ्तार गरेको छ । कतिपय क्षेत्रमा राति ९ बजेदेखि बिहान ०५ बजेसम्म कर्फ्यू पनि लागु गरिएको सरकारी अधिकारीले जनाएका छन् । तर अत्यावश्यक काम, स्वास्थ्य सेवालगायतका लागि भने स्थानीय अधिकारीको अनुमति र समन्वयमा हिड्डुल गर्न पाइने व्यवस्था गरिएको छ ।





पछिल्लो २४ घण्टामा अस्ट्रेलियाको न्यूसाउथवेल्स राज्यमा ८ सय २५ नयाँ कोरोना संक्रमण थपिएका छन् । यो संख्या कोरोना महामारीको शुरुवातदेखि २४ घण्टामा रेकर्ड गरिएको सबैभन्दा उच्च संख्या हो ।

त्यसैगरी राज्यमा कोरोना संक्रमणबाट तीनजनाको मृत्यु भएको छ । योसँगै हालसम्म न्यूसाउथवेल्स राज्यमा डेल्टा भेरिएन्टको सुरुवात भएदेखि मृत्यु हुनेको संख्या ६८ पुगेको छ । राज्यकी प्रिमियर ग्लेडिज बेरिजिक्लिनले कोरोना संक्रमितको संख्या उकालो लागे पनि खोप लगाउने दर अत्यन्तै महत्वपूर्ण रहेको बताइन् ।

'एकपटक खोपको दुवै डोज लगाउने दर ७० प्रतिशतमा पुग्यो भने त्यतिवेला कति संक्रमित भए भन्दा पनि खोपको दर महत्वपूर्ण हुनेछ । हाम्रा लागि सबैभन्दा महत्वपूर्ण नाप भनेको मानिसहरूलाई अस्पतालबाट बाहिर राख्नु हो ।' प्रिमियर बेरिजिक्लिनले नियमित प्रेस ब्रिफिङका क्रममा बताइन् ।

समुदायको खोपको महत्वलाई प्राथमिकता दिँदै प्रिमियर बेरिजिक्लिनले अहिलेको दरमै राज्यमा खोप अभियान सम्पन्न भएमा पूर्वानुमान गरिएको समयअगावै खोप लगाउन सफल हुने कुरा पनि उनले बताइन् ।

भिक्टोरिया राज्यमा पछिल्लो २४ घण्टामा ६१ जना नयाँ स्थानीय कोरोना संक्रमित थपिएपछि राज्यका प्रिमियर ड्यानिल एन्ड्रूजले शनिबार १ बजेपछि भिक्टोरियाको 'रिजनल एरिया'मा पनि लकडाउनको घोषणा गरेका छन् ।

प्रिमियर डेनियल एन्ड्रूजले भिक्टोरियावासीलाई सावधान गर्दै संक्रमितमध्ये धेरैजना समुदायमा उपस्थित रहेकाले कोरोना परीक्षण गर्नका लागि आह्वान समेत गरे । 'हामीले यसपटक युवा समूहका धेरै मानिसहरू संक्रमित भएको फेला पारेका छौं । महामारीको यो एउटा विशेषता बनेको छ । यो डेल्टाको साथै सन् २०२१ को समेत विशेषता बनिसकेको छ' प्रिमियर एन्ड्रूजले नियमित प्रेसब्रिफिङका क्रममा भने ।

त्यस्तै क्यानबेरामा शनिबार ८ जना नयाँ कोरोना संक्रमित थपिएका छन् । योसँगै राज्यामा जम्मा संक्रमितको संख्या १ सय २ पुगेको छ । राज्यमा लकडाउन दोश्रो हफ्तामा चलिरहँदा संक्रमण घट्दै जानु राम्रो प्रगति भएको उल्लेख गर्दै राज्यका मुख्यमन्त्री एक्ड्रयु बारले सन्तुष्टि व्यक्त गरे ।

त्यसैगरी क्वीन्सल्याण्ड राज्यमा पछिल्लो २४ घण्टामा नयाँ स्थानीय संक्रमित भेटिएका छैनन् । दुईजना विदेशबाट आएका संक्रमितहरू भेटिए पनि उनीहरू क्वारेन्टिनमा रहेको जानकारी राज्यकी प्रमुख स्वास्थ्य अधिकारी ज्यानेट योङले दिएकी छन् । राज्यमा पछिल्लो आठ दिनमा एउटा मात्र स्थानीय कोरोना संक्रमित भेटिएको छ ।

# उद्धार प्रयासमा मानवीय क्षतिको जोखिम : बाइडेन



**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानबाट अमेरिकीहरुको उद्धार प्रयासमा मानवीय क्षतिको जोखिम रहेको स्वीकार गरेका छन् । राष्ट्रपति कार्यालय ह्वाइट हाउसमा बोल्दै बाइडेनले अहिलेसम्म अफगानिस्तानबाट १३ हजारजनाको उद्धार गरिएको बताए । उनले यसलाई 'अहिलेसम्मकै ठूलो र अति कठिन हवाई उद्धार अभियान' भनेका छन् । बाइडेनले अफगानिस्तानमा रहेका सबै अमेरिकीहरुलाई फिर्ता ल्याउने वाचा गरेका छन् । यस्तै अमेरिकी सैनिकलाई सहयोग गरेका ५० देखि ६५ हजार अफगानीहरुको पनि उद्धार गर्ने उनले बताएका छन् । बाइडेनले अफगानिस्तानको विषयमा अमेरिकाले गरेको कामको पुनः बचाउ गरे । उनले भनेका छन्, 'अमेरिकाले अफगानिस्तानाट सेना फिर्ता गरेर ठिक गरेको छ, अमेरिकाले जे जसरी त्यहाँबाट आफ्नो सेना फिर्ता गऱ्यो, त्यो सही छ ।'

उनले हाल अफगानिस्तानमा अमेरिकाले गरेको कामको विषयलाई लिएर अमेरिकामाथि विश्वसनीयताको प्रश्न उठ्ने कुरै नआउने बताएका हुन् । अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएको विषयमा उनले पहिले पनि आफ्नो निर्णयको बचाउ गर्दै आएका छन् । उनले यस अघि पनि पटक पटक आफ्नो निर्णयमा आफू कटिबद्ध रहेको बताउँदै आएका छन् ।

हाल पनि युद्धग्रस्त रहेको अफगानिस्तानमा तालिबानको नियन्त्रणपछि अमेरिकाले आलोचना खेपिरहेको छ । अमेरिकाले समयमै तथा अवैज्ञानिकरुपमा आफ्नो सेना फिर्ता गर्दा अफगानिस्तानलाई तालिबानले कब्जा गरेका भनिएको छ । राष्ट्रपति बाइडेनले भने यो निर्णय सही समयमा गरिएको उचित निर्णय रहेको बताउँदै आएका छन् ।

अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले देश छाडेर गएपछि १५ अगस्तमा नै तालिबानीले सत्तामा पुगेका छन् । आइतवार तालिबानले लडाइँ जितेको घोषणा पनि गरेका थिए । अफगानिस्तानका तालिबान सशस्त्र विद्रोही पुनःसत्तामा आएसँगै अफगानिस्तानमा करिब २० वर्ष लामो अमेरिकी नेतृत्वको गठबन्धनको उपस्थितिको पनि औपचारिकरुपमै अन्त्य भएको छ ।

अफगानिस्तानको सेनाले आफ्नो देश कब्जा हुन नदिन देशको लागि लड्न नसकेको यसअघि पनि बाइडेनले बताएका थिए । अफगान सेनाले आफ्नो देशको लागि आफैं लड्न नसकेकाले यस्तो अवस्था आएको उनले बताएका थिए ।

अफगानिस्तानमा यो घटना भएपछि अमेरिकाप्रति प्रश्न उठेको बताइएको छ । विश्वका अमेरिकालाई साथ दिएका कतिपय देशले अमेरिकी यस कार्यप्रति प्रश्न उठाउँदै आगामी दिनमा विश्वासको संकट हुन सक्ने बताएका थिए । अमेरिकी राष्ट्रपति बाइडेनले भने यो कसैले प्रश्न गर्ने विषय नभएको र अफगान मुद्दाका कारण आगामी दिनमा विश्वका आफ्ना गठनबन्धन सदस्यसँग अविश्वासको प्रश्न नै नआउने भनेका छन् ।

**बिमालेख हराएको बारे**

चाबहिलदेखि जोरपाटीसम्मको यात्राको क्रममा देवीप्रसाद घिमालको लाईफ इन्स्योरीन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमालेख नम्बर ११०००६८९१ को बिमालेख पत्र हराएकोहुँदा फेला पार्नुहुने महानुभावले तल दिइएको मोबाइल नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

देवीप्रसाद घिमाल
९८५११०९४७७/९८४१३५०११२

# भारतमा दैनिक संक्रमितको संख्यामा कमी

**काठमाडौं/एजेन्सी–** भारतमा दैनिक संक्रमितको संख्यामा फेरि कमी आएको छ । सरकारी अधिकारीले शनिबार बिहान सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो एक दिनमा भारतमा ३४ हजार ४५७ जना नयाँ संक्रमित थपिएका छन् । जवकी त्यसको अघिल्लो दिन २४ घण्टामा ३६ हजार ५७१ जना नयाँ संक्रमित थपिएका थिए । त्यसैगरी अघिल्लो दिनको तुलनामा पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाको संख्यामा पनि कमी आएको छ ।

**ओमानमा रोजगार** | कम्पनी: SHAMOOKH ALJABI ALAKHDAR ALFADIYA
शहर: IBRI
पूर्व स्वीकृत मिति: २०७८/०५/०५ चलानी नं.: ६०१६१७६५ L.T. No.: 243989

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason General | 15 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Wiring Electrician | 5 | 0 | | 120 | ३७,०७५ | | | | | | | |
| 3. | Sanitary Installation Worker | 5 | 0 | | 120 | ३७,०७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १३ गते (29 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632, 5104634, 9808117170, 9843196615

**साइप्रसमा रोजगार** | कम्पनी : PANIMAX RECRUITMENT LTD.
शहर: PAPHOS
पूर्व स्वीकृत मिति: २०७७/०९/१३ चलानी नं.: ६०१५३९७५ LT. No.: 235386 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 12 | सम्बन्धित काममा दक्ष | 314 | ४३,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 800 | १,१०,८४८ | | | | | | | |
| 3. | Sailor | 1 | 0 | | 800 | १,१०,८४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ भदौ १२ र १३ गते (28 & 29 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

हेल्प ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ४६४/०६०/०६१, रिङरोड नयाँबाटो चोक, ललितपुर, नेपाल
फोन: ०१-५५३३३३६ Mobile no: 9847692346 Email: chrkathmandu@outlook.com

**कतारमा रोजगारको अवसर** | १. कम्पनी : AXIOM INTERNATIONAL WLL
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६१६३१ LT. No.: 243913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1100 | ३५,३२१ | | | | | | | |
| 3. | Labourer | 1 | 0 | | 1000 | ३२,११० | | | | | | | |

२. कम्पनी : SIEVERT INTERNATIONAL INSPECTION CO. WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६१६३२ LT. No.: 243912

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 18 | 0 | स. काममा दक्ष | 1100 | ३५,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : SAK TRADING CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६१६३३ LT. No.: 243911

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 80 | 0 | | 1100 | ३५,३२१ | | | | | | | |
| 3. | Ceramic Worker | 40 | 0 | | 1100 | ३५,३२१ | | | | | | | |
| 4. | Carpenter | 69 | 0 | | 1100 | ३५,३२१ | | | | | | | |
| 5. | Decorator | 40 | 0 | | 1300 | ४१,७४३ | | | | | | | |
| 6. | Driver | 15 | 0 | | 1900 | ६१,००९ | | | | | | | |
| 7. | Foreman | 20 | 0 | | 2500 | ८०,२७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ भदौ १३ गते (29 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Indo Arab Manpower Pvt. Ltd. (Skyking Placement (P.) Ltd.)
Jawalakhel-20, Lalitpur, Tel:5539268, 5539269, Fax: 5539259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepa.com
Gov. Lic no: 764/065/066

**कतारमा Driver हरुलाई बैदेशिक रोजगारको अवसर**
AL HATTAB READY MIX CONCRETE FACTORY (पुनः विज्ञापन)
पूर्व स्वीकृती मिति: २०७६/७/२७ चलानी नं.: ६०१४६२१६ LT No.: 226880

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| १. | Driver | 4 | [illegible] | 1900 | ६१,९७२।- |
| २. | Heavy Vehicle Driver | 41 | | 1900 | ६१,९७२।- |
| ३. | Painter | 1 | | 1900 | ६१,९७२।- |

यसै कम्पनीको लागि Qatar Return Bike Rider हरुको पनि माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता २०७८ भदौ १३ गते (Aug. 29, 2021) यस प्रा. लि. कार्यालय कलंकीमा हुनेछ ।

रकि ईन्टरनेशनल प्रा. लि. श्रम ईजाजत नं. ५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०५, ५२२४५०३, ९८४२४१६३६७

**कतारमा रोजगारको अवसर** | कम्पनी : AL HABARI ENGINEERING
शहर : QATAR
पूर्व स्वीकृत मिति: २०७८/०५/०४ चलानी नं.: ६०१६१७६६ LT. No.:244040

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 14 | 0 | स. काममा दक्ष | 1000 | ३२,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १३ गते (29 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ०१-४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

# बक्स अफिस समाचार

## ‘भिडियोलाई उत्कृष्ट बनाउन शत प्रतिशत मेहनत गर्छु’

विधान कार्की पछिल्लो दशकमा नेपालमा उदाएका म्युजिक भिडियो निर्देशकका रुपमा चिनिन्छन् । उनले सर्ट फिल्म र विज्ञापन पनि निर्देशन गरेका छन् । उनको भिडियोमा नेपाली चलचित्रमा स्थापित कलाकारदेखि भिडियोमा उदाउँदै गरेका कलाकारहरुले अभिनय गरेका छन् । अमेरिकामा फिल्म मेकिङ पढेका विधानको म्युजिक भिडियोमा प्रगति आफैंमा लोभलाग्दो छ । उनै **विधान कार्की**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानी :

**आजकल के गर्दै हुनुहुन्छ ?**

म अहिले म्युजिक भिडियो निर्देशन गर्ने र त्यसको सम्पादन कार्यमा व्यस्त छु ।

**भिडियो निर्देशनमा कसरी आउनुभयो ?**

मेरो जन्म कैलालीको टीकापुर नगरपालिका अस्नेहरीमा भएको हो । म कक्षा ८ पढ्दा देखिनै सडक नाटक र स्टेज नाटकहरु लेख्ने र निर्देशन गर्थे । सानैदेखि निर्देशन पेशामा संलग्न भएकाले भविष्यमा पनि निर्देशककै रुपमा आफुलाई अघि बढाउने सपना बोकेर बि.स. २०६३ मा काठमाडौं आएलगत्तै निर्देशन पेशामा निरन्तर छु ।

**तपाईंको समयको भिडियो निर्देशन र अहिलेको भिडियो निर्देशनमा के फरक पाउनुभएको छ ?**

आजभन्दा दश वर्षअघि मैले भिडियो निर्देशन गर्दाको समय र अहिले निर्देशन गर्ने समयको कुरा गर्दा भिडियो निर्माण प्रविधिले निकै फड्को मारेको छ । डिजिटल प्रविधिले कामको गुणस्तरलाई उत्कृष्ट बनाएको छ । म्युजिक भिडियो निर्माणले व्यवसायीकरण पाएको छ । भिडियो निर्देशन गर्ने शैलीमा भने केही फरक पाएको छैन ।

**भिडियो निर्देशन गर्नुअघिको तयारी कस्तो हुन्छ ?**

मैले निर्देशन गर्ने हरेक भिडियोको तयारी पूर्णरुपले गरेको हुन्छु । गीतलाई कपीमा लेख्ने, गीतको भाव बुझ्ने र गीतको अर्थ अनुसार कथा बुन्ने गर्छु । त्यसरी हरेक गीतको कथा तयार भएपछि कलाकार, भिडियो निर्माण टिम र प्राविधिक छनोट गर्छु । मैले निर्देशन गर्ने म्युजिक भिडियोको कथा र पटकथा तयार गरेर मात्रै छायांकन गर्छु । यो सबै गर्दा मलाई कम्तिमा ७ दिन लाग्ने गर्छ ।

**एउटा गीतलाई भिडियोमा न्याय दिन निर्देशकलाई कतिको चुनौतीपूर्ण छ ?**

मेरो विचारमा हरेक गीतले एउटा छुट्टै चुनौती र अवसर बोकेर आउँछ । एउटा राम्रो गीतलाई भिडियोको माध्यमबाट पर्दामा उत्कृष्ट ढंगले उतार्नु भिडियो निर्देशकको जिम्मेवारी हो । एउटा गीतलाई भिडियोमा न्याय दिन भिडियोमा समावेश हुने कलाकार, त्यसको निर्माण शैली, कथावस्तु, प्राविधिकको काम र निर्देशकको निर्देशन क्षमताले अहम् भूमिका निर्वाह गर्ने गर्छ । म मेरा भिडियोलाई चुनौती मात्रै नभएर अवसरको रुपमा पनि लिन्छु । हरेक भिडियोलाई उत्कृष्ट बनाउन शत प्रतिशत मेहनत गर्छु ।

**तपाईंले अमेरिकामा फिल्म मेकिङ पढेर आउनुभएको छ । त्यसले भिडियो निर्देशनमा कतिको सहयोग पुगेको छ ?**

तपाईं कि त पढेर या त परेर कुनै पनि विषयमा ज्ञान लिन सक्नुहुन्छ । मेरा लागि अमेरिकामा फिल्म मेकिङ पढ्नु निकै फलदायी भएको छ । मसँग काम गरेको अनुभव र फिल्म मेकिङ सम्बन्धी शिक्षाले जस्तो सुकै काम गर्न सक्ने क्षमतालाई निखारेको छ । फिल्म मेकिङ पढेर आएपछि मलाई भिडियो निर्देशनमा व्यवसायीकरण गर्न सहज भएको छ । म अहिले छोटो समयमा राम्रो काम गर्ने निर्देशक भएको छु । मेरो भिडियो प्रस्तुत गर्ने शैलीमा समेत फरक देखिएको छ ।

**तपाईंले ल्याउनु भएका कलाकारहरू अहिले सफल छन्, यसलाई कसरी लिनु हुन्छ ?**

म पनि कुनै बेला नयाँ थिएँ, जहाँ मलाई अवसरको खोजी थियो । म त्यही दिनलाई सम्झिँदै मेरा म्युजिक भिडियोमा नयाँ कलाकारहरुलाई अवसर दिने गर्छु । मसँग काम गर्ने थुप्रै नवकलाकारहरु अहिले नेपाली सांगीतिक र चलचित्र क्षेत्रमा व्यावसायिकरुपमा सफल हुनुहुन्छ, यो मेरा लागि खुशीको कुरा हो । मैले सिकाएका कुराहरुले उहाँहरुको कलाकारितामा आएको निखार्तामा मलाई गर्व लागेको छ । यो मैले नेपाली म्युजिक भिडियो मेकिङ र सांगीतिक क्षेत्रमा दिएको योगदान हो जस्तो लाग्छ ।



**विधान कार्की**, भिडियो निर्देशक

**तपाईं नेपालको महँगो पारिश्रमिक लिने भिडियो निर्देशकमा पर्नुहुन्छ नि हो ?**

मैले राष्ट्रियस्तरमा पाएको सफलता, परिपक्क निर्देशन क्षमता र हरेक भिडियो निर्देशनमा मैले गर्नुपर्ने मेहनतका कारण म महँगो पारिश्रमिक लिने गर्छु । मैले महँगो पारिश्रमिक लिए बमोजिमको भिडियोको नतिजा दिने गरेको छु । अहिलेसम्म मसँग काम गर्ने भिडियो निर्माताहरुलाई निराश बनाएको छैन ।

**सधैंभरी भिडियो निर्देशन नै गरिरहने हो कि फिल्मतिर पनि आउने सोच बनाउनुभएको छ ?**

मैले म्युजिक भिडियो निर्देशनबाहेक छोटा चलचित्र, वृतचित्र र टेलिभिजन विज्ञापनको निर्देशन गरेको छु । अब भने गुर्खाज ‘द स्टोरी अफ अ ब्रेवरी’ नामक चलचित्र निर्देशन गर्दैछु । जुन चलचित्रको कथा म र अमेरिकामा बस्ने नेप्सिनेका ग्लोबल सीइओ रायन रेजले लेख्दैछौं । चलचित्रमा नेप्सिने र दक्षिण भारतीय फिल्म कम्पनीको निर्माण रहनेछ भने नेपाली र भारतीय कलाकारहरुको अभिनय रहनेछ । यसको निर्माणमा भारतबाट प्राविधिक टोली आउने तय भएको छ । अर्को वर्ष छायांकन गरी त्यसको एक वर्ष भित्र ग्लोबल रिलिज गर्ने तयारीमा छौं ।

**भिडियो निर्माणमा अवसर र चुनौतीहरू के-के छन् ?**

अहिले नेपाली म्युजिक भिडियो निर्माण पेशागतरुपमा व्यवस्थित भैसकेको छ । त्यसकारण अहिले पर्याप्त अवसरहरु छन् । तपाईंको निर्देशकीय क्षमता र पेशाप्रतिको इमान्दारिताले तपाईंलाई अवसरको नजिक लैजान्छ । अहिले भिडियो निर्देशनको प्रतिस्पर्धा भने चुनौतीपूर्ण छ । कम समय र थोरै लागतमा भिडियो निर्माण गर्नु पर्ने अवस्थाका कारण निर्देशकहरुमा ठुलो चुनौती थपिएको छ ।

**समकालीन भिडियो निर्देशकको उपस्थिति बाक्लो छ । यो उपस्थितिमा आफूलाई कतिको प्रतिस्पर्धी मान्नुहुन्छ ?**

मसँगै काम गर्ने निर्देशकहरुमध्ये थोरै निर्देशकहरु अहिले पनि काम गरिरहनु भएको छ । धेरै निर्देशकहरुको भिडमा मैले निर्देशन गर्ने शैलीमा भिन्नता छ, जसका कारण नेपालमा मलाई अरु प्रतिस्पर्धीभन्दा फरक बनाएको छ । मेरो लागि पहिलो प्रतिस्पर्धी म आफैं हो । तर अरुका लागि भने म बलियो प्रतिस्पर्धी हो ।

**नेपालमा म्युजिक भिडियोको भविष्य कस्तो देख्नुभएको छ ?**

अहिले नेपाली म्युजिक भिडियोको बजार अन्तर राष्ट्रियस्तरमा समेत फराकिलो बन्दै गएको छ । अहिलेको अवस्थालाई हेर्ने हो भने नेपालमा म्युजिक भिडियोको भविष्य उज्ज्वल छ । भविष्य कस्तो बनाउने भन्ने कुरा तपाईं आफुमा पनि भर पर्छ ।

**भिडियोबाट अवार्ड पनि पाउनुभएको होला नि ?**

भिडियो निर्देशकको रुपमा अहिलेसम्म मैले आधा दर्जन बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्ड पाएको छु ।

**तपाईंका सफल भिडियोहरू ?**

‘नबोली नबोली’, ‘काले केटा २’, ‘धर्ति आकाश’, ‘केटो अलि कमाउने होस्’, ‘तिम्रो संसार’, ‘मै राम्री हु कि’, ‘यस्तो माया’ आदि ।

**म्युजिक भिडियो निर्देशन यात्रामा सम्झिनै पर्ने व्यक्ति ?**

अर्जुन पोखरेल, दीपक शर्मा, महेश खरेल

**भावी योजना ?**

म मेरो बाँकी जीवन नेपाली सांगीतिक र चलचित्र क्षेत्रमा चलचित्र निर्देशकको रुपमा समर्पण गर्न चाहन्छु ।



## ‘दोश्रो नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड’ हुने




काठमाडौं/मस- ‘दोश्रो नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड-२०७८’ हुने भएको छ । जसमा गीत संगीत दर्ता गर्न कुनै पनि शुल्क नलाग्ने र सबै प्रकारका गीतहरु दर्ता गरिने अवार्डका अध्यक्ष सुर्य चन्दले बताए । कोभिड-१९ तथा लकडाउनले गर्दा सुस्ताएको नेपाली सांगीतिक क्षेत्रलाई चलायमान बनाउन र सांगीतिक क्षेत्रमा नयाँ आयाम थप्नका लागि कला, संस्कृति र सांगीतिक क्षेत्रका व्यक्तित्वहरुलाई सम्मान गर्ने उद्देश्यले संगीतका विभिन्न विधातर्फ ‘नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड-२०७८’ गरिदैं आएको छ ।

आयोजक कमिटिका अनुसार ‘ दोस्रो नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्ड-२०७८’ आगामी असोज भित्र काठमाडौंमा गरिने भएको छ । साथै आयोजकले म्युजिक अवार्ड आवेदनको लागि निःशुल्क दर्ता फारम खुलिसकेको जानकारी गराएको छ । जसको लागि २०७७/७८ का गीत संगीतहरुलाई समावेश गरिने भएको छ भने नव प्रतिभाको हकमा २०७७ भित्र गीत निकालेको हुनुपर्नेछ ।

क्रियटिभ ईन्साइट मिडियाको प्रस्तुतिमा हुन लागेको उक्त अवार्डलाई शुभकामना मिडिया सोलुसन प्रालिले व्यवस्थापन गर्ने भएको छ । सञ्चारकर्मी तथा कलाकार सूर्य चन्दको अध्यक्षतामा हुने यस अवार्ड कार्यक्रमको निर्देशक सुमन बैरागी पण्डित रहेका छन् ।

उत्कृष्ट नवप्रतिभा, रचनाकार, लोक तथा दोहोरी गायक-गायिका, पर्व विशेष गीत (तीज, दशैं तिहार, होली), भजन, पप-आधुनिक गायक-गायिका, भाषा-भाषीका गीत, म्युजिक भिडियो, आर्ट तथा सांस्कृतिकलगायत विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ । अवार्डमा समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरुलाई सम्मान गरिने छ भने नेपाली कला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने सुर्य चन्दले बताएका छन् ।

## पुरुषोतम ढकालको शब्द रहेको ‘मन मनमा नेपाली’




काठमाडौं/मस- पुरुषेतम ढकालले नयाँ गीत बजारमा ल्याएका छन् । ढकालले आफ्नो शब्द रहेको ‘मन मनमा नेपाली’ बोलको गीत बजारमा ल्याएका हुन् । उक्त म्युजिक भिडियो म्युजिक नेपालको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

गीतमा सुरजकुमार थापा र बनिका प्रधानले स्वर दिएका छन् । गीतमा संगीत पनि सुरजकुमार थापाकै रहेको छ । धिरेन शाक्य र रिना थापा मगरको अभिनय रहेको म्युजिक भिडियोको कोरियोग्राफी भगीरथ गाहा मगरले गरेका हुन् ।

नितिन चन्दले निर्देशन गरेको म्युजिक भिडियो दीपक जोशीले खिचेका हुन् भने सदीश जोशीले सम्पादन गरेका हुन् ।

# ढुङ्गाको काप फोरेर उम्रेको पीपल जस्तै हुन्, शान्ता

**तोलाकान्त बगाले/रासस**
पवर्त, ५ भदौ



राष्ट्रकवि माधवप्रसाद घिमिरेले लेखेको 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल, सिर्जनाशक्ति संसारमा कहिल्यै हुँदैन विफल' लाई पुष्टि गर्ने एउटा सशक्त उदाहरण हुन्, शान्ता नेपाली ।

स्याङ्जाको वालिङ नगरपालिका–८ वालिङ बजार नजिकै रहेको खेल मैदान छेउमा सानो झुप्रोभित्रबाट तीव्र इच्छा शक्तिसहित उम्रेको पालुवा हुन्, शान्ता । खेल मैदानको छेउमा लामो समयदेखि ओत लाउँदै आएकी उनलाई बास छाड्नुपर्ने समस्या एकातिर छ भने आफ्नो जग्गा जमिन नभएकाले ओत बनाउने पनि ठाउँ छैन ।

वालिङ नगरपालिकाले तत्कालका लागि खेलमैदानको किनारमा रहेको सार्वजनिक शौचालयको माथिल्लो तलामा उनी बस्ने व्यवस्था मिलाएको छ ।

वृद्धबुबा, आमा र सुस्तमनस्थितिकी दिदीसहितको परिवारको सहाराकारुपमा रहनुभएकी शान्ताले नजिकैको आँधीखोलामा गिटी कुट्ने, बालुवा चाल्ने, होटलमा कपडा धुने गरेर घर खर्च चलाउँदै आएकि छिन् ।

आफूले काम नगरी साँझ, बिहान खानको जोहो नहुँदानहुँदै पनि फुटबलप्रतिको उच्च मोह र लगावकै कारण आज विभिन्न राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी भई उत्कृष्ट प्रदर्शनसमेत गर्दै आएकि छिन्, शान्ताले । उनी बिहान दिउँसो काममा जाने र साँझ ५ बजेपछि खेल मैदानमा फुटबलको अभ्यास गर्न जान्छिन् । कहिलेकाहीँ काम अबेरसम्म गर्नुपर्ने हुनाले समयमै अभ्यास गर्न आउन नपाउँदा दुःख लागेको अनुभव पनि उनीसँग प्रशस्तै छन् ।

'अरु साथी जस्तै मलाई पनि एकदिन पनि नविराइ निरन्तर अभ्यास गरौँ भन्ने त चाहना हुन्छ नि', शान्ताले भनिन्, 'तर के गरौँ काम नगरी साँझ बिहान घरको चुल्हो पनि त बल्दैन ।' सानो छँदा फुटेको भलिबलभित्र कपडा तथा कागज पोको पारेर फुटबल खेल्न शुरु गरेकी शान्ताले पाँच वर्षअघिदेखि वालिङस्थित क्लबबाट तथा नगरपालिकाको प्रतिनिधित्व गर्दै नेपालका विभिन्न शहर तथा भारतमासमेत पुगेकी छिन् । उनले वालिङ, पोखरा, विराटनगरका विभिन्न क्लबबाट राष्ट्रियस्तरका विभिन्न उमेर समूहका खेल खेलेर पुरस्कारसमेत हात पारेकि छिन् । 'विभिन्न ठाउँमा गई खेल प्रदर्शन गरेर पुरस्कार पाइन्छ तर तिनै पुरस्कार राख्ने ठाउँ छैन, शिल्ड, मेडल राख्ने र झुण्डाउने ठाउँको अभाव छ', शान्ताको गुनासो छ ।

खेलमा अझै मेहनत गरेर राष्ट्रिय टिमबाट देशका लागि खेल खेल्ने रुचिले जरा गाडेर बसेको छ उनीमा । जतिसुकै बिघ्नबाधा, आरोहअवरोध आइरहुन् तर आफू लक्ष्यमा पुगेरै छाड्ने आफ्नो दृढ सङ्कल्प रहेको शान्ताको भनाइ छ । आर्थिक अभावका कारण ज्याला मजदूरी गर्नुपर्ने बाध्यताका कारण उनलाई दैनिक फुटबल प्रशिक्षणमा सहभागी हुन समस्या भइरहेको प्रशिक्षक दिलीप थापाले बताए ।

शान्ता फुटबल खेलप्रति अत्यन्तै रुचि राख्ने राम्रो खेलाडी भएको उनको भनाइ छ । घरायसी समस्याले खेल क्षेत्रबाट उदाउँदो खेलाडी गुमाउन नपरोस् भन्ने उद्देश्यले वालिङ नगरपालिकाका प्रमुखसमक्ष तत्काल आवास व्यवस्थापनका लागि गरेको अनुरोधको सुनुवाइ भएको प्रशिक्षक थापाले बताए । गत हप्ता फुटबल खेलाडी शान्तालाई नेप्लेज डटकमको पहलमा स्वदेश तथा विदेशमा रहेका नेपाली सङ्घसंस्था तथा व्यक्तिको सहयोगमा नगद प्राप्त भएको थियो । नेप्लेज डटकमका सम्पादक मुक्तिबाबु रेग्मीले सहयोगस्वरुप प्राप्त दुई लाख ५९ हजार नगद शान्ता र उनको परिवारलाई हस्तान्तरण गरिसकेको छ ।

'खेलप्रति राम्रो लगाव रहेको तर आर्थिक अभावका कारण खेल क्षेत्रबाट पलायन हुनुपने अवस्था नआओस् भन्ने हेतुले उनकाबारेमा डकुमेन्ट्री तयार पारी प्रस्तुत गर्‍यौं', सम्पादक रेग्मीले भने, 'उक्त डकुमेन्ट्री हेरेर देश तथा विदेशबाट सहयोग प्राप्त भयो । जसले गर्दा शान्तालाई केही सहज हुने विश्वास लिएका छौँ ।' घरबारविहीन शान्ताको परिवारलाई वालिङ नगरपालिकाले घर निर्माणका लागि करिब पाँच आना घडेरी खरिद गरिसकेको नगरप्रमुख दिलीपप्रताप खाँणले बताए । शान्तालाई अब छिट्टै लालपूर्जा हस्तान्तरण गरी आवास निर्माणको प्रक्रिया शुरु गरिने उनको भनाइ छ ।

नगरपालिकाले राष्ट्रियस्तरमा सहभागी खेलाडीको परिवारलाई निःशुल्क स्वास्थ्य बीमा तथा अध्ययनरत खेलाडीलाई सम्बन्धित विद्यालयसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । नगरपालिकाले उपलब्ध गराउन लागेको जग्गामा आवास निर्माणका लागि आवश्यक सहयोग गर्ने स्कूल अफ डेमोक्रेसी स्याङ्जाका अध्यक्ष अनुप श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे ।

# ओमान क्रिकेट सिरिजका लागि नेपाली टिम घोषणा



**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले ओमानमा हुने विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक क्रिकेट सिरिजका लागि शनिबार नेपाली टोलीको घोषणा गरिएको छ । नेपाली टोलीमा पहिलो पटक गुल्सन झा समावेश भएका छन् । नेपाल, ओमान र अमेरिका बीचको त्रिकोणात्मक क्रिकेट सिरिजका लागि ज्ञानेन्द्र मल्लको कप्तानीमा १७ सदस्यीय टोलीको घोषणा हुँदा गत चैतमा भएको काठमाडौं मेयर कप क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका गुल्सन टिममा समावेश भएका हुन् ।

बन्द प्रशिक्षणमा रहेका कमलसिंह ऐरी र साहब आलम टोलीमा अटाउन सकेनन् । नेपाली टोलीमा उपकप्तान दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आसिफ शेख, आरिफ शेख, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, पवन सर्राफ, अविनाश बोहरा, रोहितकुमार पौडेल, सुशन भारी, शरद भेषवाकर र विक्रम सोब रहनुभएको क्यानका सचिव अशोकनाथ प्याकुर्‍यालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यस्तै टोलीमा मुख्य प्रशिक्षक डेभ वाटमोर, व्यवस्थापक मोहम्मद दाउद अन्सारी, टेक्निकल एनालिस्ट रमन शिवाकोटी, फिजियो विक्रम न्यौपाने र ट्रेनर राकेश काशिभाइ गोहित रहेका छन् ।

टोली मङ्गलबार ओमान प्रस्थान गर्नेछ । ओमान सिरिज भदौ २८ देखि असोज ४ गतेसम्म सञ्चालन हुनेछ । त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दुई–दुई खेल खेल्नेछ । आईसीसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत ओमान र अमेरिकासँगको सिरिज अघि नेपालले यही भदौ २० र २३ गते ओमानमा पपुवा न्युगिनीसँग एकदिवसीय खेल खेल्ने तय भएको क्यानका अध्यक्ष चतुर बहादुर चन्दले जानकारी दिनुभयो । विश्वकप लिग–२ मा नेपाल रहेको समूहमा पपुवा न्युगिनी, ओमान, अमेरिका, स्कटल्यान्ड, नामिबिया र युनाइटेड अरब इमिरेटस् (युएई) रहेका छन् । लिग–२ अन्तर्गत नेपालले हालसम्म ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ । तीमध्ये दुईमा जीत र दुईमा हार बेहोर्दै नेपालले चार अङ्क जोडेको छ । नेपाल आफ्नो समूहको अङ्क तालिकाको छैटौं स्थानमा छ ।

यस्तै ओमान १० खेलमध्ये आठमा जीत र दुईमा हार बेहोर्दै १६ अङ्कसहित शीर्ष स्थानमा छ । अमेरिका १२ खेलमा ६ मा जित र ६ मा हारसहित १२ अङ्क जोड्दै दोस्रो स्थानमा छ । स्कटल्यान्ड आठ खेलमा चारमा जित र तीनमा हारका साथ नौ अङ्क जोड्दै तेस्रो स्थानमा छ । स्कटल्यान्डले खेलेको एउटा खेल वर्षाका कारण रद्द भएको थियो । नामिबिया सात खेलमा चारमा जित र तीनमा हार बेहोर्दै आठ अङ्कसहित चौथो स्थानमा छ ।

यसैगरी युएई सात खेलमा तीनमा जीत र तीनमा हारकासाथ सात अङ्क जोड्दै पाँचौं स्थानमा छ । युएईले खेलेको एउटा खेल रद्द भएको थियो । पपुवा न्युगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित भएको छ । पपुवा न्युगिनी अङ्कविहीन बन्दै लिग–२ को पुछारमा छ । लिग–२ अन्तर्गत सन् २०२३ सम्म प्रत्येक टोलीले ३६ एकदिवसीय खेल खेल्नेछन् । लिग–२ का शीर्ष तीन टोली सन् २०२३ मा भारतमा आयोजना हुने एकदिवसिय विश्वकपका लागि ग्लोबल छनोटमा स्थान बनाउने छन् भने पुछारमा रहने चार टोलीले प्लेअफ खेल्नेछन् ।

# साफ च्याम्पियनसिपको तालिका परिमार्जन

**काठमाडौं, मस–** माल्दिभ्समा आयोजना दक्षिण एसियाली राष्ट्रको सर्वोच्च फुटबल प्रतियोगिता १३औं संस्करणको साफ च्याम्पियनसिप तीन दिन बढी लम्बिने भएको छ ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले शनिबार साफको समयतालिका तीन दिन बढी लम्ब्याउने निर्णय गर्दै खेल तालिका समेत परिमार्जन गरेको छ । हरेक खेलको बिचमा २ दिन विश्राम दिने भएपछि प्रतियोगिता लम्बिएको हो । ५ राष्ट्रको सहभागिता रहने साफ च्याम्पियनसिप नयाँ तालिका अनुसार साफ च्याम्पियनसिप १ देखि १६ अक्टोवर (१६ देखि ३० असोज) सम्म माल्दिभ्सको मालेका आयोजना हुनेछ ।

नेपालले आयोजक समेत रहेको साविक विजेता माल्दिभ्ससँग १५ असोजमा खेल्दै यसपटकको साफ च्याम्पियनसिप सुरुवात गर्नेछ । सन् २०१८ मा बंगलादेशमा भएको पछिल्लो साफको सेमिफाइनलपछि नेपाल र माल्दिभ्सबीच पहिलोपटक भेट हुनेछ । त्यतिबेला नेपाल सेमिफाइनलमा माल्दिभ्ससँग ३–० ले पराजित भएको थियो ।

मालेमा हुने च्याम्पियनसिपमा नेपालले आफ्नो दोस्रो खेल श्रीलंकाविरुद्ध १८ असोजमा खेल्नेछ । त्यस्तै तेस्रो खेल नेपाली टोली साफको सर्वाधिक सफल टोली भारतसँग २४ असोजमा तथा राउन्ड रोविन लिगको अन्तिम खेलमा नेपालले २७ असोजमा बंगलादेशसँग खेल्नेछ । यसअघि नेपालले १७, २२ र २५ गते राउन्ड रोविनको तथा फाइनल २७ असोजमा हुने तालिका निकालेको थियो । अब फाइनल ३० असोजमा हुनेछ । राउन्ड रोविन लिगको शीर्ष २ टोलीले उपाधिका लागि खेल्नेछन् ।



नेपाली टोलीले अहिलेसम्म साफको सेमिफाइनल पार गर्न सकेको छैन । यतिबेला नेपाली टोली साफ च्याम्पियनसिपको तयारीका क्रममा पोखरामा प्रशिक्षणरत रहेको छ । प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले साफ च्याम्पियनसिपको तयारीमा रहेको टोलीबाट गत सोमबार मात्र तेस्रो चरणमा २८ खेलाडी छनोट गरेका छन् ।

पोखरा भ्रमणका लागि घोषणा गरिएको ३८ सदस्यीय टोलीबाट १० खेलाडी सोमबार बाहिरिएका छन् । अनुभवी फरवार्ड भरत खवास, मिडफिल्डर विक्रम लामा र डिफेन्डर रञ्जित धिमाल साफ च्याम्पियनसिपको टोलीमा नहुने पक्का भएको छ । यस्तै फरवार्ड जर्जप्रिन्स कार्की, राजीव लोप्चन, सन्जोक राई, त्रिदेव गुरुङ, सेसेहाङ आङदेम्बे, रन्दिप पौडेल र विशाल सुनार पनि टोलीबाट बाहिरिएका छन् ।

नेपालले साफ च्याम्पियनसिपको तयारीका लागि भारतसँग दुई मैत्रीपूर्ण खेल खेल्दैछ । खेल १७ र २० भदौंमा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । हाल टोलीमा रहेका खेलाडीमध्ये अर्पण कार्की, शिशिर लेखी र राजन गुरुङ पहिलोपटक सिनियर टोलीमा स्थान बनाउन प्रयासरत छन् ।

यी तीनसँगै गोलरक्षक विशाल श्रेष्ठ, दीप कार्की र अर्पण कार्कीले भने राष्ट्रिय टोलीबाट डेब्यु गरेका छैनन् । बाँकी सबै खेलाडीले सिनियर टोलीको अनुभव बोकिसकेका छन् ।

# वादोरियो कराते संघद्वारा राहत वितरण



**काठमाडौं, मस–** नेपाल वादोरियो कराते डो संघले कोरोना भाइरस (कोभिड- १९) का कारण समस्यमा परेका प्रशिक्षक तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडीलाई शनिबार राहत वितरण गरेको छ ।

संघले समस्यमा परेकालाई नगद, खाद्यान्न र स्वास्थ्य सामाग्री राहत स्वरुप वितरण गरेको हो ।

सबै मिलाएर ३ लाख ५० हजार बराबरको सहयोग वितरण गरिएको वादोरियो कराते संघले कार्यक्रमका दौरान वितरण गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ । त्यसमा संघका पदाधिकारीबाट ७५ हजार ५ सय र बाँकी रकम २ लाख ७४ हजार ५ सय वादोरियो कराते संघका प्रमुख प्रशिक्षक समेत रहेका अध्यक्ष हरिशरण केसीले व्यक्तिगत रुपमा प्रायोजन गरेको विज्ञप्तिमा उल्लेख छ ।

आर्थिक सहयोगमा कम्तीमा ५ हजारदेखि बढीमा ७० हजार रुपैयाँसम्म सहयोग उपलब्ध गराइएको थियो । युवा तथा खेलकुद मन्त्रालयका सचिव केदार न्यौपाने, अध्यक्ष केसीलगायतले सम्बन्धितलाई एक कार्यक्रमबीच राहत प्रदान गरे ।

# लिभरपुलको लगातार दोस्रो जित

**काठमाडौं, एजेन्सी–** इंग्लिस प्रिमियर लिग फुटबलमा लिभरपुलले लगातार दोस्रो जित हात पारेको छ । घरेलु मैदान एनफिल्डमा बर्नलेमाथि लिभरपुलले २–० गोल अन्तरको जित हात पारेको हो । जितसँगै तालिकामा ६ अंक बनाएको लिभरपुल शीर्ष स्थानमा उक्लिएको छ । लिभरपुलको जितमा डिएगो जोटा र साडियो मानेले एक एक गोल गरेका छन् ।

१८ औं मिनेटमा कान्स्टिटिनो तिसमिकासको पासमा जोटाले गोल गर्दै लिभरपुललाई अग्रता दिलाएका थिए । पहिलो हाफमा एक गोल गरेको लिभरपुलले दोस्रो हाफमा अरु एक गोल थपेको थियो ।

६९ औं मिनेटमा ट्रेन्ट एलेक्जेन्डर आर्नोल्डको पासमा मानेले गोल गर्दै लिभरपुलको अग्रता दोब्बर बनाएका थिए ।

# काठमाडौं तेक्वान्दोमा खड्का निर्विरोध

**काठमाडौं, मस–** काठमाडौं जिल्ला तेक्वान्दो संघको अध्यक्षमा अशोक खड्का ४ वर्षका लागि निर्विरोध निर्वाचित भएका छन् । चावहिलस्थित केएल टावरको इम्पेरियल बैंक्युटमा शनिबार सम्पन्न जिल्ला कार्यसमितिको दोश्रो अधिवेशनले तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक खड्काको अध्यक्षतामा ९ सदस्यीय जिल्ला कार्यसमिति समेत निर्विरोध चयन गरेको छ । अध्यक्षमा खड्का बाहेक कसैले उम्मेदवारी दिएनन् ।

अध्यक्ष बाहेक सबै पदमा आवश्यक भन्दा बढीले उम्मेदवारी दर्ता गराएपनि अन्तिम समयमा सबैले उम्मेदवारी फिर्ता लिने सहमति भएपछि जिल्ला कार्यसमिति निर्विरोध चयन भएको हो ।

सरोज बाँस्कोटाले उपाध्यक्ष, गणेश तामाङले सचिव र सारदा धिमालले कोषाध्यक्षको जिम्मेवारी पाए । उपाध्यक्षमा कविराज नेगी लामा, सचिवमा टीकादत्त दाहाल र विकेश विडारी तथा कोषाध्यक्षमा विमला लामाले उम्मेदवारी दिएका थिए ।

सदस्यमा गौरव रजक, विशाल सुर्खेती, मुना खवास, प्रदीप आले मगर र कविता श्रेष्ठ चयन भए । सदस्यमा संगीता राईले पनि उम्मेदवारी दर्ता गराएकी थिइन् ।



खड्का अघिल्लो कार्यसमितिको उपाध्यक्षमा सर्वाधिक मत ल्याएर विजयी भएका थिए । नयाँ खेलकुद ऐन लागू भएपछि अघिल्लो कार्यसमितिका अध्यक्ष प्रमोद पराजुलीले राजिनामा दिएपछि खड्काले १ वर्ष कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने अवसर पाएका थिए । नयाँ खेलकुद ऐनमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का कर्मचारी खेल संघमा बस्न नपाउने प्रावधान अनुसार पराजुलीले अध्यक्षबाट राजिनामा दिएका थिए ।

नवनिर्वाचित अध्यक्ष खड्काले राम्रो काम गरेर आफ्नो कार्यकाल स्मरण योग्य बनाउन प्रयासरत रहने बताउदै सबैसंग सहकार्य गर्दै तेक्वान्दोको विकास र विस्तारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले काठमाडौं जिल्लालाई देशकै नमुना जिल्ला तेक्वान्दोका रुपमा स्थापित गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए ।

नवनिर्वाचित पदाधिकारीहरुलाई राखेपका सदस्यद्वय नन्दा बस्याल र रेणुका श्रेष्ठले एक कार्यक्रमबीच प्रमाण पत्र प्रदान गरे । बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीले पदाधिकारीलाई शपथ ग्रहण गराएका थिए । त्यसअघि साधारण सभाको नेपाल ओलम्पिक कमिटीका अध्यक्ष समेत रहेका संघीय सांसद जीवनराम श्रेष्ठले उद्घाटन गरेका थिए । उद्घाटनका अवसरमा कागेश्वरी मनोहरा नगरपालिका मेयर कृष्णहरि थापा, नेपाल तेक्वान्दो संघका महासचिव दीपराज गुरुङ, तेक्वान्दोका प्रमुख प्रशिक्षक नवीनकुमार श्रेष्ठलगायतको उपस्थिति थियो ।

साधारण सभामा १ सय ६५ प्रतिनिधिको उपस्थिति रहेको निर्वाचन अधिकृत तीर्थराज घिमिरेले जनाएका छन् ।


## कतारमा रोजगार | कम्पनी: CONSULTANT SERV CARWASH AND CONSTR
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७७/०५/०४ चलानी नं.: ६०१६१७४४ LT. No.: 244129

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,९५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 5 | 0 | | 2500 | ८०,२७५ | | | | | | | |
| 3. | Incharge Resp | 2 | 0 | | 2500 | ८०,२७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १३ गते (29 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Almighty International Manpower Services Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com
Govt. Lic. No. 1440/074/075

महालेखा परीक्षकको प्रतिवेदन

# मर्जर र एक्वीजीसनका नाममा साढे ४ अर्ब कर छली

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।




बैंक तथा वित्तीय संस्थाहरुलाई मर्जर र एक्वीजीसनको लागि दिएको कर प्रोत्साहनप्रति महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको छ। कार्यालयले २०७७ सालको ५८औं वार्षिक प्रतिवेदनमा सार्वजनिक गर्दै सो कुरा उल्लेख गरेको हो।

सरकारले दिएको सुविधा उपयोग गर्दा २१ बैंकले साढे ४ अर्ब रुपैयाँ कर तिर्नुपर्नेमा सो रकम नतिरको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार २०७७ असार मसान्तसम्म विभिन्न बैंक तथा वित्तीय संस्थालाई मर्जर तथा एक्विजिसन गर्ने २१ वाणिज्य बैंकले प्राप्त सम्पत्तीअनुसार सरकारलाई कर बुझाएका छैनन्। मर्जर वा एक्वीजीसनबाट प्राप्त भएको लाभलाई बैंकहरुले नाफा नोक्सान विवरणमा देखाउनु पर्नेमा सो नगरी एक्वीजीसन रिजर्भ, जेनेरल रिजर्भ, क्यापिटल रिजर्भ जस्ता शिर्षकमा देखाएर कर छलि गरेको आरोप महालेखाको छ।

'नेपाल लेखामानमा भएको आयकर सम्बन्धी व्यवस्था अनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफा नोक्सान विवरणमा उल्लेख गरी लेखांकन गर्नुपर्नेमा सो नगरेकोले प्रचलित लेखामान र आयकर ऐन २०५८ को दफा २२ विपरित हुन गएको देखिन्छ, कपितय बैंकले नाफा नोक्सान खातामा नै देखाएको अवस्था छ', महालेखा परीक्षकको ५८औं प्रतिवेदनमा भनिएको छ, 'विजनेस कम्बिनेसनबाट प्राप्त भएको लाभलाई

**वाणिज्य बैंकहरुले १४ अर्ब ९३ करोड ३ लाख रुपैयाँ मर्जर तथा एक्विजिसनबाट आम्दानी गरेका थिए, जसको ३० प्रतिशत हुन आउने आयकर ४ अर्ब ४७ करोड ९१ लाख रुपैयाामा ब्याजसमेत गरी कर असुल गर्न महालेखाले सरकारलाई निर्देशन दिएको हो**

२१ बैंक तथा वित्तीय संस्थाले उपर्युक्त बमोजिम लाभ देखाई आयकर तिर्नुपर्नेमा तिरेको पाइएन।'

आयकर ऐनअनुसार ती वाणिज्य बैंकहरुले १४ अर्ब ९३ करोड ३ लाख रुपैयाँ मर्जर तथा एक्विजिसनबाट आम्दानी गरेका थिए। जसको ३० प्रतिशत हुन आउने आयकर ४ अर्ब ४७ करोड ९१ लाख रुपैयाँमा ब्याजसमेत गरी कर असुल गर्न महालेखाले सरकारलाई निर्देशन दिएको हो।

## संक्षिप्तमा अर्थ

### सिद्धार्थ इन्स्योरेन्सको नाफामा सामान्य वृद्धि

**काठमाडौं/मस–** सिद्धार्थ इन्स्योरेन्सले आव २०७७/७८ मा ३० करोड २३ लाख रुपैयाँ नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षमा कम्पनीको नाफा ३० करोड २ लाख रुपैयाँ रहेको थियो।

कम्पनीले आव २०७७/७८ मा २ अर्ब ३३ करोड ९ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ। अघिल्लो वर्ष कम्पनीको कुल बीमाशुल्क आर्जन २ अर्ब १ लाख रुपैयाँ रहेको थियो।

१ अर्ब १२ करोड रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीको जगेडा कोषमा ३३ करोड ७ लाख रुपैयाँ, बीमा कोषमा ९८ करोड ९१ लाख रुपैयाँ रहेको छ।

यसैगरी, कम्पनीले गत आवमा लगानी, कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी ११ करोड ५९ लाख रुपैयाँ आम्दानी गरेको छ। अघिल्लो आवमा कम्पनीले लगानी कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी ९ करोड ७५ लाख रुपैयाँ आम्दानी गरेको थियो।

साथै, कम्पनीले १ अर्ब २६ करोड ६१ लाख रुपैयाँ कुल दावी भुक्तानी गरेको छ भने १ अर्ब ३६ करोड ७० लाख रुपैयाँ दावी भक्तानी हुन बाँकी छ।

यसैगरी, कम्पनीले अभिकर्ता कमिसन वापत ३ करोड ३२ लाख रुपैयाँ खर्च गरेको छ।

साथै, कम्पनीको प्रतिसेयर आम्दानी (वार्षिक) २७ रुपैयाँ, प्रतिसेयर नेटवर्थ २२४ रुपैयाँ ४७ पैसा, पिई रेसियो ३९.१९ गुणा, प्रतिसेयर कुल सम्पत्ति ४३५ रुपैयाँ ४४ पैसा रहेको छ।

### जनरल इन्स्योरेन्स नेपालको नाफा ७८ प्रतिशतले बढ्यो

**काठमाडौं/मस–** जनरल इन्स्योरेन्सले आव २०७७/७८ मा ९ करोड रुपैयाँ नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षमा कम्पनीको नाफा ५ करोड ५ लाख रुपैयाँ रहेको थियो।

कम्पनीले आव २०७७/७८ मा ६५ करोड ६० लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ। अघिल्लो वर्ष कम्पनीको कुल बीमाशुल्क आर्जन ५३ करोड ६९ लाख रुपैयाँ रहेको थियो।

१ अर्ब रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीको जगेडा कोषमा ८ करोड ७५ लाख रुपैयाँ, बीमा कोषमा १० करोड १६ लाख रुपैयाँ रहेको छ।

यसैगरी, कम्पनीले गत आवमा लगानी, कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी २ करोड ४९ लाख रुपैयाँ आम्दानी गरेको छ। अघिल्लो आवमा कम्पनीले लगानी कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी १ करोड ८० लाख रुपैयाँ आम्दानी गरेको थियो।

साथै, कम्पनीले ३० करोड ५४ लाख रुपैयाँ कुल दावी भुक्तानी गरेको छ भने ३१ करोड ४४ लाख रुपैयाँ दावी भक्तानी हुन बाँकी छ। यसैगरी, कम्पनीले अभिकर्‌ता कमिसन वापत १ करोड २५ लाख रुपैयाँ खर्च गरेको छ। साथै, कम्पनीको प्रतिसेयर आम्दानी ९ रुपैयाँ, प्रतिसेयर नेटवर्थ ११९ रुपैयाँ ६५ पैसा, पिई रेसियो ७६.९७ गुणा, प्रतिसेयर कुल सम्पत्ति १५८ रुपैयाँ ७३ पैसा रहेको छ।

### कुमारीद्वारा महामारी नियन्त्रण कोषमा सहयोग



**काठमाडौं/मस–** कुमारी बैंकले कोभिड महामारीको रोकथामका निमित्त दमक उद्योग वाणिज्य संघद्वारा सञ्चालित महामारी नियन्त्रण अभियान कोषमा कुमारी बैंकले ५० हजार रुपैयाँ सहयोग गरेको छ। कोरोना भाइरस महामारीको रोकथामका साथ महामारीले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित विविध क्षेत्रहरुलाई उजागर गर्नका लगायत न्यून आमदानी भएका अतिविपन्न, सिमान्तकृत परिवारहरुलाई दैनिक उपभोग्य सामग्री आर्जनका निम्ति सो कोषले विविध कार्यक्रमहरु गर्दै आएको छ।

एक संक्षिप्त कार्यक्रममाझ बैंकका उर्लाबारी शाखाका प्रबन्धक युवराज दाहालले दमक वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ, पूर्वअध्यक्ष तथा महामारी नियन्त्रण अभियानका संयोजक प्रकाश प्रसाईंलाई संयुक्त रुपमा सहयोग रकम बराबरको चेक हस्तान्तरण गरे। कोरोनाको प्रकोपलाई फैलन नदिने, क्वारेन्टिन व्यवस्थापन, औषधोपचार, विपन्नलाई खाद्यान्न व्यवस्थाका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरिएको बैंकले जनाएको छ।

### सगरमाथा इन्स्योरेन्सको नाफा १८.५८ प्रतिशतले वृद्धि

**काठमाडौं/मस–** जनरल इन्स्योरेन्सले आव २०७७/७८ मा ४५ करोड १५ लाख रुपैयाँ नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षमा कम्पनीको नाफा ३८ करोड ८ लाख रुपैयाँ रहेको थियो। कम्पनीले आव २०७७/७८ मा २ अर्ब ६१ करोड ६१ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ। अघिल्लो वर्ष कम्पनीको कुल बीमाशुल्क आर्जन २ अर्ब २५ करोड ४३ लाख रुपैयाँ रहेको थियो।

१ अर्ब ११ करोड १३ लाख रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीको जगेडा कोषमा ४८ करोड ५ लाख रुपैयाँ, बीमा कोषमा १ अर्ब ४ करोड ५२ लाख रुपैयाँ रहेको छ। यसैगरी, कम्पनीले गत आवमा लगानी, कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी १७ करोड ४६ लाख रुपैयाँ आम्दानी गरेको छ। अघिल्लो आवमा कम्पनीले लगानी कर्‌जा तथा अन्य क्षेत्रमा लगानी गरी ११ करोड ११ लाख रुपैयाँ आम्दानी गरेको थियो।

साथै, कम्पनीले १ अर्ब ३३ करोड २३ लाख रुपैयाँ कुल दावी भुक्तानी गरेको छ भने १ अर्ब ७७ करोड २५ लाख रुपैयाँ दावी भक्तानी हुन बाँकी छ। यसैगरी, कम्पनीले अभिकर्ता कमिसन वापत ४ करोड ८० लाख रुपैयाँ खर्च गरेको छ। साथै, कम्पनीको प्रतिसेयर आम्दानी ४० रुपैयाँ ६३ पैसा, प्रतिसेयर नेटवर्थ २४६ रुपैयाँ २६ पैसा, पिई रेसियो ३३.०८ गुणा, प्रतिसेयर कुल सम्पत्ति ४८४ रुपैयाँ ३३ पैसा रहेको छ।

केन्द्रीय बैंकको अध्ययन

# तीन करोड ६३ लाख निक्षेप खाता




**रासस**
काठमाडौं, ४ भदौ ।

देशभरका कूल ७५३ स्थानीय तहमध्ये ७५० स्थानीय तहमा वाणिज्य बैंकका शाखा स्थापना गरी वित्तीय पहुँच पुऱ्याएका छन्। धादिङको रुवीभ्याली, जाजरकोटाको जुनीचाँदे र बझाङको साइपालमा भने वाणिज्य बैंकका शाखा खुल्न सकेको छैन। ती स्थानीय तहमा पनि वाणिज्य बैंकको शाखा कार्यालय स्थापना लागि आवश्यक पहल भइरहेको छ।

केन्द्रीय बैंकले आज सार्वजनिक गरेको 'नेपालमा वित्तीय पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन' अनुसार २०७८ चैत मसान्तसम्म इजाजत प्राप्त क, ख र ग वर्गका बैंकिङ संस्थाका शाखा सङ्ख्या पाँच हजार ९७८ पुगेको छ। प्रतिवेदनअनुसार निक्षेप खाता सङ्ख्या तीन करोड ६३ लाख ६६ हजार र कर्जा खाता सङ्ख्या १६ लाख ८२ हजार ८४५ रहेको छ। विवरणअनुसार नेपालका बैंक तथा वित्तीय संस्थाबाट १६ लाख ८२ हजार बढीले ऋण लिएको देखिन्छ।

### निक्षेप खातामा महिलाको हिस्सा बढी

केन्द्रीय बैंकका अनुसार कूल निक्षेप खातामध्ये महिलाको खाता सङ्ख्या बढी रहेको छ। कूल निक्षेप खाता ६७.७ प्रतिशत खाता सक्रिय छन्। त्यसमा पुरुषको हिस्सा ६५.२ प्रतिशत र महिलाको हिस्सा ७२.३ प्रतिशत रहेको छ। कूल निक्षेप खातामध्ये बचत निक्षेप खाता ९०.६ प्रतिशत रहेको छ। यस्तै, मुद्दती निक्षेप खाताको हिस्सा ३१ प्रतिशत छ। ग्रामीण क्षेत्रका नगरपालिकामा ८१.५ प्रतिशत खाता सक्रिय रहेको छ। व्यक्तिगत खातामा ९६.१५ प्रतिशत हिस्सा वयस्क व्यक्तिको छ।

केन्द्रीय बैंकका अनुसार २०७७ जेठ मसान्तसम्म तीन करोड १८ लाख ८६ हजार निक्षेप खाता खोलिएका छन्। तीनपुस्ते विवरणका आधारमा प्राकृतिक व्यक्तिको एक मात्र निक्षेप खाता गणना गर्दा २०७७ जेठ मसान्तसम्म कम्तीमा एक निक्षेप खाता भएका नेपालीको सङ्ख्या ६०.९ प्रतिशत रहेको अध्ययनमा देखिएको छ।

प्रतिहजार व्यक्ति ९९८ खाता रहेकामा पुरुषको प्रतिहजार व्यक्ति एक हजार ३१४ खाता र महिलाको प्रतिहजार व्यक्ति ६८७ खाता रहेका छन्। प्रदेशगत रुपमा सबैभन्दा बढी वाग्मती प्रदेशमा प्रतिहजार व्यक्ति एक हजार ८०२ र कर्णाली प्रदेशमा सबैभन्दा कम प्रतिहजार व्यक्ति ४५८ खाता छन्। महानगरमा प्रतिहजार व्यक्ति तीन हजार २९६ र ग्रामीण नगरपालिकामा प्रतिहजार व्यक्ति २५१ खाता छन्।

### मोबाइल बैंकिङ प्रयोगकर्ता ३२ प्रतिशत

केन्द्रीय बैंकका अध्ययनअनुसार मोबाइल प्रयोगकर्ताको सङ्ख्या ३२.०३ प्रतिशत छ। प्रविधिको प्रयोगअन्तर्गत प्रतिखाता एटीएम प्रयोगकर्ता २०.३५ प्रतिशत, इन्टरनेट बैंकिङ प्रयोगकर्ता ३.८६ प्रतिशत मात्रै छन्। प्रतिखाता एटीएम, मोबाइल बैंकिङ र इन्टरनेट प्रयोगकर्ता सबैभन्दा बढी वाग्मती प्रदेशमा छन्।

त्यसमा एटीएम २६.११, मोबाइल बैंकिङ ३३.१२ र इन्टरनेट बैंकिङ ६.४० प्रतिशत छन्। प्रतिखाता एटीएम प्रयोगकर्ता गण्डकी प्रदेशमा सबैभन्दा कम १४.५० प्रतिशत छन्। प्रतिखाता मोबाइल बैंकिङ प्रयोगकर्ता प्रदेश नं २ मा सबैभन्दा कम २७.०१ प्रतिशत र प्रतिखाता इन्टरनेट बैंकिङ प्रयोगकर्ता कर्णाली प्रदेशमा सबैभन्दा कम ०.५२ प्रतिशत छन्।

महानगरमा प्रतिखाता एटीएम प्रयोगकर्ता २७.२८ प्रतिशत, इन्टरनेट बैंकिङ प्रयोगकर्ता ६.४८ प्रतिशत छन्। गाँउपालिकामा प्रतिखाता एटीएम प्रयोगकर्ता १०.६१ प्रतिशत र इन्टरनेट बैंकिङ प्रयोगकर्ता १.०८ प्रतिशत छन्। प्रतिखाता मोबाइल बैंकिङ प्रयोगकर्ता गाँउपालिकामा सबैभन्दा बढी ३३.३६ प्रतिशत छ।

# नेपाल सहकारी बैंक ६ महिनाभित्र सञ्चालनमा आउने




**काठमाडौं/मस–** प्रस्तावित नेपाल सहकारी बैंकको सम्पर्क कार्यालय मध्य बानेश्वरमा खुलेको छ। नेपाली कांग्रेसको वित्तीय तथा सहकारी संस्था समन्वय विभाग प्रमुख आनन्दप्रसाद ढुंगाना र विभागका सचिव एवं बैकका अध्यक्ष सुरेन्द्र भण्डारीले संयुक्त रुपमा सम्पर्क कार्यालयको उद्घाटन गरेका हुन्।

प्रस्तावित बैकले मध्य बानेश्वरमा रहेको सम्पर्क कार्यालयलाई ६ महिना पछि करोबार सञ्चालन गर्नेगरी कार्यालय खोल्ने भएको छ। प्रस्तावित बैंकका पदाधिकारीले यसअघि सञ्चालनमा आएको राष्ट्रिय सहकारी बैंकले सबै सहकारी क्षेत्रलाई समेट्न नसकेका आरोप लगाउदै सबैको साझा सहकारी बैंकको रुपमा नेपाल सहकारी बैंक सञ्चालन गर्न लागिएको जनाइएको छ। नेपाली काग्रेसका नेता ढुंगानाले अबको ६ महिनाभित्र बैक सञ्चालनमा आउने बताए। उनले पुँजी र अर्थतन्त्रलाई चलायमान बनाउन सहकारी बैकको अपरिहार्य रहेको उल्लेख गरे। जहा प्रतिस्पर्धा हुन्छ त्यहा प्रगति हुन्छ, सोही आधारमा नेपाल सहकारी बैंक दर्ता प्रकृया अघि बढेको उनले जनाए।

उनले एउटामात्र बैकले करिब ३४ हजार सहकारीलाईसमेट्न नसकेपछि नेपाल सहकारी बैंक स्थापना गर्न लागिएकोमा खुसी लागेको बताउँदै त्यसको लागि आफ्नो र पार्टीको तर्फबाट सक्दो सहयोग रहने उल्लेख गरे। प्रस्तावित बैंकका अध्यक्ष भण्डारीले नेपाल राष्ट्र बैंकको सञ्चालक समितिबाट सीमित बैंकिङ कारोबार गर्न पाउने गरी लाइसेन्स पाउनासाथै नेपाल सहकारी बैंक सञ्चालनमा आउने दाबी गरे। प्रतिस्पर्धात्मक मुलुकमा यही प्रकृतिका करिब ६ वटा बैक आवश्यक रहेको औंल्याउँदै त्यसको लागि सरकारले प्रकृया अघिबढाउन सहजीकरण गर्नुपर्ने बताए। उनले राष्ट्र बैकले तोके अनुसारको सबै प्रकृया पुरा गरी अन्तिम चरणमा रहेको उल्लेख गर्दै अब ६ महिनाभित्र अनुमतिपत्र पाएर बैंक सञ्चालनमा आउने बताए।

तर राष्ट्रिय सहकारी बैंकका सञ्चालकहरूले भने नेपाल राष्ट्र बैंकबाट विगत चार बर्षदेखि नयाँ बैंक वित्तीय संस्थालाई लाइसेन्स नदिएकाले नेपाल सहकारी बैंकलाई पनि दिन नमिल्ने, एउटा सहकारी बैंक हुँदाहुँदै किन अर्को बैंक चाहियो ? भनेर कहि कतै अवरोध गर्ने गरेको उनको गुनासो थियो।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**